# भगवतीको ठाडो खेल

**मानविकी तथासामाजिक शास्त्र संकाय नेपाली केन्द्रीय विभाग,**

**त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाण्डौं ।**

**<u>शोधार्थी</u>**

**नवराज कलौनी**

# आफ्नै कुरा

मैले प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, नेपाली विषयको स्नातकोत्तर तहको दशौंपत्रको प्रयोजनार्थ प्रस्तुत गरेको हुँ । यो शोधकार्य मैले त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख एवं मेरा पूजनीय गुरुवर प्रा. राजेन्द्र सुवेदीको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो जीवनको व्यस्तता र बाध्यताका बीच पनि मलाई कुशल निर्देशन प्रदान गर्नुहुने प्राध्यापक सुवेदीज्यूप्रति म सर्वप्रथम श्रद्धाले नतमस्तक हुन्छ ।

त्यस्तै, शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सामग्री उपलब्ध गराइदिनुहुने विशिष्ट व्यक्ति तथा विद्वान्हरुप्रति पनि नतमस्तक छु । यस शोधकार्यलाई सम्पन्न गर्न आवश्यक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रिवि नेपाली केन्द्रीय विभाग पुस्तकालय र केन्द्रीय पुस्तकालयलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

मलाई सदा सकारात्मक र रचनात्मक सहयोग गरी शिक्षाको यो उपल्लो श्रेणीसम्म पुऱ्याउनुहुने पूजनीय पिताश्री राधेश्याम कलौनी, पूजनीय माताश्री तुलसीदेवी कलौनी, पूजनीय दाज्यू श्री तिलकप्रसाद कलौनी र बन्धुहरु यथास्थानमा स्मरणका पात्र हुनुहुन्छ । त्यस्तै शोधकार्य सम्पन्न गर्न सहयोग गर्ने मित्रहरु श्री दीपक न्यौपाने र श्री प्रबल भट्टराई विशेष धन्यवादका पात्र छन् ।

अन्त्यमा यो शोधकार्य आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागसमक्ष पेश गर्दछु ।

मिति : २०६५/४/९ रोज ३ शुभम्

..........................

**शोधार्थी**

gj/fh

snf}gL

**नेपाली केन्द्रीय विभाग**

**त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौं ।**

# विषयसुचि


१. अध्ययनपत्रको शीर्षक १

२. शोधार्थीको नाम १

३. अध्ययनको प्रयोजन १

४. लोकगाथाभित्रको ठाडो खेलको परिचय १

५. ठाडो खेलको उद्देश्य २

६. ठाडो खेलको महत्त्व ३

७. ठाडो खेलको वर्गीकरण ३

क) देवीपरक ठाडो खेल ४

ख) देवतापरक ठाडो खेल ४

८. ठाडो खेलको प्रस्तुति ४

९. वाद्यवादन र नृत्य ४

१०. भगवतीको ठाडो खेलको प्रकार ५

११. भगवतीको ठाडो खेलको क्षेत्र ५

१२. लयविधान ५

१३. भगवतीको ठाडो खेल खेल्ने पद्धति/शैली र भाषा ६

१४. पात्र/चरित्र ६

१५. परिवेश ६

१६. भगवतीको ठाडो खेल ७

क. अ.: शीर्षकहीन ७

क. आ. : ठूलो ढुस्को १०

क. इ. : सानो ढुस्को १३

क. ई.: धमारी १९

क. ठाडो खेलको विश्लेषण २२

क. अ. शीर्षकहीन पाठको विश्लेषण २२

क. आ. ठूलो ढुस्को २३

क. इ. सानो ढुस्को २४

क. ई. धमारी २६

ख. अ. शीर्षकहीन २८

ख. आ. सानो ढुस्को ३१

ख. इ. धमारी ३७

ख. विश्लेषण ४०

ख. अ. नामहीन शीर्षक ४०

ख. आ. सानो ढुस्को ४२

ख. इ. धमारी ४४

विशेष शब्दको अर्थ ४६

निष्कर्ष ५१

## १. अध्ययनपत्रको शीर्षक

स्नातकोत्तर तहको दशौंपत्रको लोकसाहित्यको आंशिक परिपूर्तिका लागि लोकगाथाभित्रको **भगवतीको ठाडो खेल** शीर्षकमा यो अध्ययनपत्र प्रस्तुत गरिएको छ ।

## २. शोधार्थीको नाम :

नवराज कलौनी

## ३. अध्ययनको प्रयोजन

प्रस्तुत अध्ययन पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौंपत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## ४. लोकगाथाभित्रको ठाडो खेलको परिचय

लोकसाहित्यमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, लोकोक्ति आदि विधाहरू छन् । यी विविध विधाहरूमध्ये लोकगाथा पनि एक हो । लोकगाथा शब्द षष्ठी तत्पुरुष समासमा लोक+गाथा अर्थात् लोकको गाथा विग्रहबाट बनेको पाइन्छ । लोकसाहित्य आफैंमा मौखिक परम्परामा जन्मेको र हुर्केको हुँदा लोकगाथा पनि यसबाट अछूतो भने छैन किनकि लोकसाहित्यका गीत, कथा, नाटक, गाथाहरूका रचनाकारहरूको अज्ञातताले गर्दा कसले रचना गरेको हो भन्ने कुरामा कुनै पनि जानकारी पाइँदैन र पनि ती गीत, कथा, नाटक, गाथाहरू सुन्दा तिनीहरूबाट साहित्यानुभूति प्राप्त गर्न सकिन्छ ।

लोकगाथालाई लोककाव्य, कथागीत, गीतकथा, ग्रामगीत, वीरकाव्य, वीरगाथा आदि नाम दिइएको पाइन्छ । लोकगाथामा गीत्यात्मकताका साथै आख्यान रहेको हुन्छ जसमा चरित्रनायकले जीवनमा गरेका राम्रा कामहरूको पद्यात्मक शैलीमा वर्णन गरिएको हुन्छ ।

सुदूरपश्चिमी क्षेत्रमा गाइने देउडा खेलहरूमध्ये ठाडो खेल पनि एक हो । यो खेल विशेषगरी बैतडी जिल्लाको पिपलकोट र त्यसआसपासका क्षेत्रमा पर्वहरूमा गाइने गरिन्छ । खासगरी गौरा पर्वका बेला महिलाहरूले गौरादेवीसम्बन्धीका मांगल गीतहरू गाउँछन् भने

पुरुषहरूले विभिन्न देवीदेवताका गाथाहरू गाउँदै-नाच्दै ठाडो खेल खेल्ने गर्दछन् । यसरी ठाडो खेलका रूपमा गाइने गीतहरू भगवती, कृष्ण, राम, महादेव, शिवपार्वती, महाभारत, रामायण, भूमिराज देवता इत्यादि छन् । यी ठाडो खेलहरूमा गाइने गीतहरूमध्ये देवीको ठाडो खेल पनि एक हो ।

देवीको ठाडो खेलका दुई प्रकारहरू देखिन्छन् । ती दुई प्रकारका गाथाहरूका बारेमा यहाँ चर्चा गरिन्छ । देवीका बारेमा खेलिने ठाडो खेलमा देवीको उत्पत्तिका बारेमा तथा देवीले दानवहरूको संहार गरेका कथांशहरू समेटिएका छन् । यो खेलमा करम्भ र रम्भको चर्चाका साथै रक्तबीज, महिषासुर, धुम्रलोचन, शुम्भ, निशुम्भ, चण्डमुण्ड आदि दानवहरूको वधको कथालाई प्रस्तुत गरिएको पाइन्छ ।

## ५. ठाडो खेलको उद्देश्य

ठाडो खेल पर्व खेल हो तर यस खेलका लागि कुनै निश्चित पर्व भने किटान गरिएको छैन र पनि गौरापर्वमा अथवा गाउँघरतिर हुने अन्य मेला, जात्राहरूमा यो खेल खेल्ने गरिन्छ । मेला, पर्व, जात्राहरूमा जम्मा भएका मानिसहरू यस धार्मिक आस्था लुकेको यस खेललाई मुख्यतः मनोरञ्जनका लागि खेल्ने गर्दछन् । गाउँले जनजीवनमा कुट्टो-कोदालो गरेर बाँच्नुपर्ने नेपाली जनजीवनको बाध्यता नै हो । कठोर शारीरिक श्रम गरी जीवन निर्वाह गर्नुपर्दा पनि नेपाली समाजले गरिबीबाट हालसम्म त उन्मुक्ति पाउन सकेको छैन भने यी खेलहरू खेलिएको समयमा नेपाली समाज गरिबीको शिकारबाट कसरी पिल्सिएको थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ । तथापि दुःखपीडामा पिल्सिएर पनि हाँसेर बाँच्ने साहस नेपाली जनजीवनले परापूर्वकालदेखि भोग्दै आएको हो । संकटका बेला संयम गुमाउन हुँदैन भन्ने मान्यतालाई आत्मसात् गर्दै गरिबीलाई, कठोर शारीरिक श्रमलाई बिर्साउनका लागि यी खेलहरू तत्तत् क्षणमा गाउने गरिएको पाइन्छ । त्यस्तै नेपाली समाजभित्र गढेर रहेको धार्मिक आस्थालाई पनि यस्ता खेलहरूले सुरक्षित गरेको छ । संस्कृत भाषामा लेखिएका पुराणहरू बोधगम्यताबाट टाढा हुँदै गइरहेको तत्कालीन अवस्थामा हिन्दू संस्कृतिका दशैं आदि चाडहरूमा जुन असत्यमाथि सत्यको विजयस्वरूप मनाइने गरिएको हो । त्यसलाई जीवन्त राख्न औ देवीदेवताले दैत्यादि

असुरहरूलाई कसरी वध गरेका रहेछन् भन्ने कुरालाई आफ्नै मौलिक भाषामा सुरक्षित गर्ने उद्देश्य पनि यो खेलले बोकेको पाइन्छ ।

## ६. ठाडो खेलको महत्त्व

ठाडो खेल मेला, पर्व, जात्राहरूमा खेलिने गर्दछ । यस खेलको छुट्टै धार्मिक महत्त्व नभए तापनि मेला पर्व जात्राहरूमा मानिसहरू खुशी हुन्छन् र त्यही खुसियालीमा पुराणहरूमा वर्णन गरिएका देवीदेवताहरूले गरेका राम्रा कुराहरूलाई सम्झने र राक्षसहरूद्वारा पीडित साधु, ब्राह्मण, देवीदेवताहरूको उद्धार गरिएका कुराहरू सम्झिएर आफूमाथि आइपर्ने विपत्तिहरूको नाश गरिदिन भगवान्सँग प्रार्थना गर्ने गर्दछन् । यो खेलले मानिसलाई सत्यवादी, परोपकारी, दृढनिश्चयी बन्ने महान् प्रेरणा  दिएको पाइन्छ । गाथामा प्रत्यक्षतः यस्ता कुराहरूको उल्लेख नगरिएको भए तापनि यी गाथाहरूको समग्र अध्ययनबाट आँट, साहस र शौर्य बढ्ने कुरामा कुनै सन्देह छैन । असत्यमाथि सत्यको विजय अर्थात् महिषासुरादि राक्षसहरूको वध र इन्द्रादि देवताहरूको उद्धार गरिएबाट मान्छे सदा सत्यवादी बन्नुपर्छ भन्ने परोक्ष सन्देश वा महत्त्व ठाडो खेलमा झल्किएको पाइन्छ ।

## ७. ठाडो खेलको वर्गीकरण

ठाडो खेल पौराणिक विषयवस्तुमा आधारित खेल हो । यसमा विभिन्न पुराणहरूका कथाहरूलाई लिएर लोकभाकामा गाउने र नाच्ने गरिन्छ । समाजले देवीदेवताहरूप्रति देखाएको श्रद्धाभाव यस खेलमा झल्किएको पाइन्छ । यस खेललाई वर्गीकरण गर्दा पौराणिकता, सामाजिकता, रसात्मकता, आख्यानात्मकता र आकारको दृष्टिले नियाल्न सक्छौं । यसकारण यस खेललाई पौराणिक, आख्यानात्मक, सामाजिक रसको ठूलो आकारको खेललाई ठाडो खेल भन्न सकिन्छ । यस खेललाई वर्गीकरण गर्दा पौराणिक खेल भएकाले पुराणभित्र वर्णन गरिएका देवीदेवताका आधारमा विभाजन गर्दा उपयुक्त देखिन्छ । देवीदेवताहरूलाई सामाजिक लिङ्गीय व्यवस्थाका आधारमा पनि विभाजन गर्न सकिन्छ र यसलाई आध्यात्मिक किसिमले  भगवान्लाई द्वैत भावात्मक रूपमा हेर्न सकिन्छ र प्रकृति र पुरुषका रूपमा पनि भगवान्लाई छुट्याएर हेर्न सकिन्छ । यसरी प्रकृति भन्नाले देवी, चण्डी, भगवती, पार्वती, कालिका आदि देवीहरूलाई

बुझाउँछ भने पुरुष भन्नाले शिव, राम, कृष्ण, विष्णु, महादेव आदि देवताहरूलाई बुझाउँछ । यस आधारमा यस खेललाई निम्नरूपमा वर्गीकरण गरिएको छ :

**क) देवीपरक ठाडो खेल**

**ख) देवतापरक ठाडो खेल**

### ७. क. देवीपरक ठाडो खेल

आराध्यदेवी भगवतीका विभिन्न रूपहरूको गुणानुवाद गाइएको हुनाले यसलाई देवीपरक ठाडो खेल भनिएको हो । यस खेलमा भगवती, देवी, दुर्गा, पार्वती, चण्डिका, कालिका आदि देवीहरूको गुणानुवाद गाइएको हुन्छ । तथापि यी देवीहरूका अतिरिक्त यसमा देवताहरूको पनि संयुक्त चर्चा पाइन्छ ।

### ७ ख. देवतापरक ठाडो खेल

आराध्य देवताहरूको गुणानुवाद गाइएको हुनाले यसलाई देवतापरक ठाडो खेल भनिएको हो । यस खेलमा मूलतः महादेव, विष्णु, राम, कृष्ण आदि देवताहरूको गुणानुवाद गाइएको हुन्छ । तथापि यी देवताहरूका अतिरिक्त देवीहरूको पनि संयुक्त चर्चा पाइन्छ ।

## ८. ठाडो खेलको प्रस्तुति

ठाडो खेल खेल्दा पुरुषहरू गोलबद्ध भई खेल्ने गर्दछन् । यसमा देउडा जस्तै खुट्टाको चाल पनि मिलाएर खेल्ने गरिन्छ । देउडा खेलमा खुट्टालाई डेढ पाइला चालिन्छ भने यस खेलमा खुट्टालाई अढाई पाइला चालिन्छ ।

## ९. वाद्यवादन र नृत्यः

ठाडो खेल खेल्दा नेपाली लोकबाजाहरूको प्रयोग गरिन्छ । यस खेलमा ढोलक, मजुरा, चिम्टा जस्ता बाजाहरू बजाएर गाउने गरिन्छ । यस खेलमा एकजनाले देवीको गाथा भन्छन्, जुन मुख्य गायक हुन्छ र त्यसलाई गोलबद्ध भएका अन्य पुरुषहरूले पनि गाउने गर्दछन् । हरेक अंशको अन्त्यमा हरिनारनायणको थेगोको प्रयोग गरिन्छ । थेगोको प्रयोग गर्दा पहिले

एउटा अंश उच्चारण गरिन्छ र त्यसपछि हरिनारायणको थेगो लगाएर उच्चारण गरिन्छ । यो खेल खेल्दा धेरै समय लाग्ने गर्दछ । यस खेलमा देवी-देवताहरूका गाथाहरूलाई विशेष महत्त्वका साथ गाउने गरिन्छ ।

## १०. भगवतीको ठाडो खेलको प्रकार

हिन्दू धर्मावलम्बीहरूकी आराध्यदेवी दुर्गा भगवतीको कथा श्रीमद्देवीभागवत र दुर्गासप्तशती (चण्डी) मा पढ्न पाउँछौं र यही कथावस्तुमा भगवतीको ठाडो खेल पनि आधारित छ । त्यसैले यस भगवतीको ठाडो खेललाई पौराणिक खेल भन्न सकिन्छ । यस भगवतीको ठाडो खेलका भिन्ना-भिन्नै राक्षसहरूलाई मारेको नेपालको सुदूरपश्चिमी भेगको बैतडी जिल्लाको स्थानीय भाषामा गाइने र खेलिने दुईवटा खेलहरू प्राप्त भएका छन् जुन दुईटै खेलका मूल पाठहरू यहाँ प्रस्तुत गरिएका छन् ।

## ११. भगवतीको ठाडो खेलको क्षेत्र

भगवतीको ठाडो खेलको आफ्नै भौगोलिक सीमाक्षेत्र रहेको छ । ठाडो खेलहरू सामान्यतया देउडा खेलहरूमा खेलिने गरिन्छ र देउडा खेल नेपालको सुदूरपश्चिम विकासक्षेत्र र मध्यपश्चिमको कर्णाली अञ्चलमा खेलिन्छ । यसकै प्रतिरूप ठाडो खेल पनि एक हो र यो खेल नेपालकै सुदूरपश्चिम विकासक्षेत्रको महाकाली अञ्चल, बैतडी जिल्लाको पिपलकोटका आसपासका क्षेत्रहरूमा गौरापर्व, मेला-जात्राहरूमा पुरुषवर्ग मनोरञ्जनका लागि खेल्ने गर्दछन् ।

## १२. लयविधान

प्रस्तुत खेल पद्यात्मक शैलीमा लेखिएको छ । कुनै पनि भाषालाई पद्यात्मक बनाउन वार्णिक, मात्रिक वा लोकछन्दमध्ये कुनै एक छन्दको सहारा लिनुपर्ने हुन्छ । यस्तै यस भगवतीको ठाडो खेलमा पनि लोकछन्दको प्रयोग गरिएको छ । लोकछन्दका आफ्नै भाकाहरू हुन्छन् । ती भाकाहरूले बोक्ने झङ्कार वा गति, यति र लय नै छन्द हो र त्यस्तै यस खेलमा पनि नेपालको सुदूरपश्चिम विकासक्षेत्रमा गाइने डचौडेली भाकालाई अँगालिएको छ । जसले

त्यस ठाउँको स्थानीयता र मौलिकतालाई झल्काएको छ र जसमा गीत्यात्मकता, लयात्मकता र आख्यानात्मकताको त्रिवेणी रहेको छ ।

## १३. भगवतीको ठाडो खेल खेल्ने पद्धति/शैली र भाषा

भगवतीको ठाडो खेल पर्व, जात्राहरूमा समुदायमा खेलिने गरिन्छ । यो खेल खेल्दा मानिसहरूले देउडा खेलजस्तै खुट्टाको चाल मिलाएर खेल्ने गर्दछन् जसमा खुट्टाको चाल मिलाउँदा अढाई पाइला चाल्ने गरिन्छ । गोलबद्ध भई खेलिने यस खेलमा एकजना मुख्य गायक हुन्छ र जसले देवीसम्बन्धीका पदावलीहरू भन्छ र अरुहरूले त्यसलाई दोहोऱ्याउँछन् ।

यस खेलमा बैतडी जिल्लामा प्रचलित भाषाका पदावलीहरूको प्रयोग विशेष रूपमा गरिएको पाइन्छ । जस्तै- डीठ, पडी, गैछ, झा, दाजै, जिवडो, होइ गैछ, मरि गैछ, सुण आदि ।

## १४. पात्र/चरित्र

प्रस्तुत ठाडो खेलमा हिन्दूहरूकी आराध्यदेवी प्रमुख पात्रका रूपमा छिन् भने शुम्भ-निशुम्भका अत्याचारबाट आजित भएका इन्द्र, ब्रह्मा, विष्णु, महादेव, अश्विनीकुमार, कार्तिकेय, सूर्य, चन्द्रमा आदि देवताहरू सहायक पात्रका रूपमा रहेका छन् ।

शुम्भ यस खेलमा प्रमुख खलपात्रका रूपमा रहेका छन् र यिनलाई सघाउन निशुम्भ, रक्तबीज, महिषासुर, धुम्रलोचन, तामर, दुर्घर, दुर्मुख, वास्कल आदि पात्रहरूले प्रमुख खलपात्रलाई सघाएका छन् ।

## १५. परिवेश

प्रस्तुत खेलमा पुराणहरूमा वर्णन गरिएझैं युद्धको विभीषिका र हिमालय पर्वतको परिवेशलाई देखाइएको छ ।

## १६. भगवतीको ठाडो खेल

ठाडो खेलका तलका रूपहरूको अध्ययन देहायअनुसार उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

**क : शीर्षकहीन**

**ख : ठूलो ढुस्को**

**ग : सानो ढुस्को**

**घः धमारी**

यसरी प्रस्तुतीकरण र लयका रूपमा चार प्रकारको ठाडो खेल यथास्थानमा प्रस्तुत गरिएको छ ।

**जय जय गणनाथ स्वामी ॥ जय जय सरस्वती माता ॥ जय लक्ष्मी भगवती माता ॥**

**जय विष्णु जय महादेव ॥ भगवती माताको ठाडो खेल ॥**

**क. अ. शीर्षकहिन**

स्वरगका कश्यप ऋषि

कश्यपका तेर रानी छन् ।

दनुकारम्भकरम्भ

करम्भ तप गर्न गैछ ।

जलभित्र तप गर्न लाग्यो

इन्दरले थाहा पाइ हाल्यो ।

ग्राह भइ करम्भ माऱ्यो ।

रीषले फेरी रम्भ आयो ।

आफू माशु होम्न लाग्यो ।

अगनीले वरदान दीछ ।

रम्भले वरदान माग्यो ।

मै दीय बलवान पूत ।

अगनीले सबै वर दीछ ।

नारीको वर बाँकी राख्यो ।

फेरी रम्भ जंगल गैछ ।
तै वन राँगा भैसी थिया ।
रम्भले एक भैसी राख्यो ।
सो भैसी गरभिणी भैछ ।
रम्भले पत्नी बनायो ।
पताल लैजान लाग्यो ।
राङाले सो भैसी रोक्यो ।
होई गयो दुवैको युद्ध
राङाले राक्षस मार्‍यो ।
भैसी पनि ताँही मरि गैछ ।
रम्भकी सति होइ गैछ ।
भैसीको गरभ फाली छ ।
अरु शरीर राक्षस भै छ ।
सिंह माया राङाको जय
भैसीको माहिष नौ हो ।
भैसीबाट राक्षस भैछ ।
तब भयो महिषासुर
राङाले मारेको रम्भ
जनमि ग्यो सोमैशीबाट
रगतकी लतपत भैछ ।
नौ राखयो रगतबीज
बरमाले वरदान दीछ ।
अजम्बर वरदान दीछ ।
नारीका हातको मर्नु
दान्नव अजमाउन लाग्या ।
दान्नव बलवान भ्यान ।

तिनै लोक वशगरी हाल्यो ।
राजा भयो महिसासुर
स्वरगको गादी छाड भनी
इन्दरपुरी दूत पठायो ।
इन्दर रीष उठी गैछ ।
महिष भैसीको पूत ।
तेरो होला सिंहको वल
बजुरले सिंग भाँचि दिउँलो ।
महिषले जब सुन्यो बात
भूमिमा मारी हाली लात
जम्मा गऱ्यो दैत्यको फौंज
अनगन्ति दैत्यको फौंज
निशी गया इन्दरपुरी
स्वरगमा खलबल भैछ ।
जम्मा भयो देवताको फौज
इन्दरले बिन्ती चढायो ।
बरमा विष्णु महादेव आया ।
हंसमा बरमा शवार
गरुडमा विष्णु शवार
महादेव बैलमा आया ।
शकन्द जी मयुरमा आया
यमराज भैसीमा आया ।
देवता तेत्तीसकोटी
अनन्याश मरुदगण
अष्टवसु अस्वनीकुमार
वरुण कुबेर अगनी

चन्दरमा श्रीसूर्यदेव
कोशक बयान गरन
जसमा भयो देवताको फौज
दुवैदल भेट होइ गैछ ।
को शक युद्धको बात
को शक हत्यारको बात
युद्ध भयो सय वरष सम्म
होइ गैछ भयंकर युद्ध
इन्दरकी हार होइ गैछ ।
इन्द्रासन महिष बस्यो ।
देवलोक हाहाकार भैछ ।
देवता कन्दरामा बस्या ।
फेरी गया बरमाका लोक
देवता करौन लाग्या ।
बरमाले थाहा पाइ हाल्यो ।
फिरी बरमा बोलन लाग्या ।
सब हिट वैकुण्ठ पुरी
सब गया वैकुण्ठ पुरी
पुगीगया वैकुण्ठ पुरी
हात जोडी कहन लाग्या ॥

**क. आ. ठूलो ढुस्को**

बरमा महादेव इन्दर राजा, हातजोडी करौन लाग्या ।
कठै...........................
हे नाथ नाथ वैकुण्ठ नाथ, लक्ष्मीपतिनारायण
कठै............................

हे भगवान त्रिलोकनाथ, घट घटका वासुदेव

कठै............................

महिषासुरले हे भगवान, पीडा गऱ्यो हामी माथि

कठै............................

राक्षष दैत्यको स्वरगमा राज, हामी बस्या यताउति

कठै............................

गोफका बीचमा काँशम्म बसौं, बन्द भो धर्मको काज

कठै............................

साधु ब्राह्मण दुःख पडी गैछ, वेदको मूल भाँची गैछ ।

कठै............................

महिष राक्षष नमर्ने भयो, काँहाँ बसौं हामी देव

कठै............................

भक्तका हितकारी त्रिलोकीनाथ हाँसेर हुकुम भैछ ।

कठै............................

अमर वरदान दैत्यले पायो, नारीका हातले मर्नु

कठै............................

हाइरान नपढ देवताहेरु, नारी खडा गरी दिउँलो

कठै............................

हरिकी इच्छाले तेजको थुप्रो, बरमाका मुखबाट निस्क्यो ।

कठै............................

आगो बाल्या झैं धपधप गर्ने, तेज छ सूर्यको जसो

कठै............................

बरमा महादेव इन्दर विष्णु, सबै देवताको तेज

कठै............................

अठार भुजाकी भगवती माता, तेजश्विनी गोरो मुख

कठै............................

हजारौं गहना पैरेकी देवी, ताँही खडा होइ गैन ।

कठै............................

आफ्ना हत्यार भगवतीलाई, सबै देवताले दीछ ।

कठै............................

अनगन्त गुणकी तेजकी रासी, राम्री जगत कि माता

कठैं............................

देवता लोगौंको मन खुशी भैछ, हातजोडी बोलन लाग्या

कठैं............................

हे माहामाया घटघट बासी, जगदम्बीका भगवती

कठैं............................

महिषासुरले वरदान पाइ, पीडा गऱ्यो हामीमाथी

कठैं............................

महिषासुर मारी भगवति माता, हामरो दुःख हरि दिय

कठैं............................

भगवती माताले सो बात सुनी खुशी भई हाँसी गैन ।

कठैं............................

देवीका हास्नाले धरती कम्मी, दान्नवकी कोठी खुशी

कठैं............................

पर्वत फुटी कामि गै भूमि, दान्नवका ठाडा कान

कठैं............................

देवता लोगको मनखुशी भैछ, जयजय बोलन लाग्या ।

कठैं............................

महिषासुरले आवाज सुन्यो, आश्चर्यमा परि गैछ ।

**ख. इ. सानो ढुस्को**

महिषासुरले हरिनारायण
दुत पठायो हरिनारायण
पुगी गयो दूत हरिनारायण
देवीका पास हरिनारायण
देवीको रूप हरिनारायण
हेरन सकेन हरिनारायण
फरकि ग्यो दूत हरिनारायण
दूत बोलन्छ हरिनारायण
हे महाराज हरिनारायण
नारीको रूप हरिनारायण
हेरन सकिदैन हरिनारायण
तेजकी राशी हरिनारायण
गहनाले चम्केकी हरिनारायण
अठार भुजाकी हरिनारायण
काला नेत्र छन् हरिनारायण
मदिरा पिएकी हरिनारायण
द्यौताले मानेकी हरिनारायण
बाघमा शवार हरिनारायण
जै बेला बोलन्छि हरिनारायण
धरती कमन्छे हरिनारायण
परवत फुट्ने हरिनारायण
यै मेरा छातीमा हरिनारायण
धकधकी भैछ हरिनारायण
भागेर आयो हरिनारायण
महिषासुरले हरिनारायण

प्रधानमन्त्री हरिनारायण

फेरी पठायो हरिनारायण

देवी हुने ठाउँमा हरिनारायण

पुगी गयो मन्त्री हरिनारायण

भुलाउन लाग्यो हरिनारायण

जस्ता किसमकी हरिनारायण

तिमी छौ सुन्दरी हरिनारायण

उस्ता किसमका हरिनारायण

हाम्रा राजा छन् हरिनारायण

अमर राजाकी हरिनारायण

रानी हुन हिट हरिनारायण

मन्त्रीका कुरा सुनी हरिनारायण

हाँसी गैन देवी हरिनारायण

गम्भीरवाणीले हरिनारायण

भगवती बोली हरिनारायण

मै त हौं लक्ष्मी हरिनारायण

देवताकी माई हरिनारायण

देवताको दुःख हरि हरिनारायण

दैत्यको नाश गर्ने हरिनारायण

द्यौताका दुःखले हरिनारायण

रण गर्न आयो हरिनारायण

महिषासुर हरिनारायण

यै मेरा एक हातका हरिनारायण

खड्गले मारि दिउँलो हरिनारायण

तै लैभ्का खबर हरिनारायण

बाचनाको आशा भया हरिनारायण

पत्ताल जाऊ हरिनारायण
मर्नाको मन भया हरिनारायण
रण गर्न आऊ हरिनारायण
सो कुरा सुनी हरिनारायण
फरकि ग्यो मन्त्री हरिनारायण
गरिहाल्यो बयान हरिनारायण
रानी हुनु काँ थियो हरिनारायण
मारनाको कुरा हरिनारायण
महिषासुरले हरिनारायण
फेरी लायो मन्त्री हरिनारायण
तामर दैत्य हरिनारायण
फेरी उही हाल हरिनारायण
आवाज गर्नाले हरिनारायण
कोठी खुशी भाग्यो हरिनारायण
फेरी भयो छलफल हरिनारायण
दुर्मुख दैत्य हरिनारायण
बास्कल दैत्य हरिनारायण
इजतले नआया हरिनारायण
बाधेर ल्यौंला हरिनारायण
सातमा लैग्या हरिनारायण
अनगन्ती फौंज हरिनारायण
फौंज शाहितले हरिनारायण
पुगी गया रणस्थल हरिनारायण
हजारौं किसमले हरिनारायण
फकौन लाग्या हरिनारायण
डराउन लाग्या हरिनारायण

बोली गैन देवी हरिनारायण
रे दुष्ट दान्नव हरिनारायण
मै त हौं भगवति हरिनारायण
दुष्टको नाश गर्ने हरिनारायण
भैसीको पूत हरिनारायण
महिष क्या चीज हरिनारायण
सृष्टिकी करता हरिनारायण
दुर्मुख वास्कल हरिनारायण
रण गर्न लाग्या हरिनारायण
बाणको बरषा हरिनारायण
भारी युद्ध भैछ हरिनारायण
कति गरौं बयान हरिनारायण
मरि गया दैत्य हरिनारायण
चीक्षुर कीरको हरिनारायण
फेरी गयो फौंज हरिनारायण
बाणको बरषा हरिनारायण
सेना सहितका हरिनारायण
मरि ग्यो चिक्षुर हरिनारायण
मरिगयो ताम्र हरिनारायण
तरवार खडगले हरिनारायण
फौंजको नाश भयो हरिनारायण
दुरमद बलवान हरिनारायण
फेरी गयो सेना हरिनारायण
बाणको बरषा हरिनारायण
चण्डिका देवीले हरिनारायण
दुरमदवीरको हरिनारायण

खड्गले शिर छेक्यो हरिनारायण

दैत्यका फौंजकी हरिनारायण

हाहाकार भैछ हरिनारायण

अनगन्ति सेना मर्‍यो हरिनारायण

महिषासुरले हरिनारायण

सारथी डाक्यो हरिनारायण

एक सय गदाहा हरिनारायण

रथमा जोत्यो हरिनारायण

ध्वजा पताका हरिनारायण

राङाको रूप हरिनारायण

छाडी दियो दैत्यले हरिनारायण

मानिस शशी हरिनारायण

सुन्दर रूप हरिनारायण

गुनले न आया हरिनारायण

बलले ल्यौंया हरिनारायण

हात-हतियार हरिनारायण

अनगन्ति फौज हरिनारायण

पुगी गयो रण स्थलमा हरिनारायण

चण्डीका देवीले हरिनारायण

हतियार सार्‍यो हरिनारायण

सिंहमा शवार हरिनारायण

भगवतीलाई हरिनारायण

महिष राजा हरिनारायण

सम्भौंन लाग्यो हरिनारायण

कति गरौं बयान हरिनारायण

हजारौं किसमले हरिनारायण

रानी बनौंनाकी हरिनारायण

फकौन लाग्यो हरिनारायण

दान्नव द्यौता हरिनारायण

मेरा अधीन हरिनारायण

पटरानी बनौंला हरिनारायण

बोली गैन भगवती हरिनारायण

साँचै हो तेरो कुरा हरिनारायण

नारीका रूपमा हरिनारायण

लोगन्याको मन हरिनारायण

मोहित हुन्छ हरिनारायण

वेशिया नारी हरिनारायण

लोगन्या खोजन्छे हरिनारायण

मैं त हौं भगवति हरिनारायण

त्रिलोकी माता हरिनारायण

देवताका दुःखले हरिनारायण

दैत्यको नाश गर्न हरिनारायण

औतार भैकी हरिनारायण

मै त हौं तेरो काल हरिनारायण

मकनको दुःख हरिनारायण

दुरगति दिन्या हरिनारायण

मै न हौं दुरगा हरिनारायण

जनगरै घमण्ड हरिनारायण

तोइ दिन्छु माफी हरिनारायण

पताल बश हरिनारायण

महिष दैत्य हरिनारायण

हासन लाग्यो हरिनारायण

फर्कौंन लाग्यो हरिनारायण

देवी उठी रीष हरिनारायण

रै देत्य मूर्ख हरिनारायण

बचनाको आशा भया हरिनारायण

पलात बश हरिनारायण

मरनाको मन भया हरिनारायण

तैं खडा ह्वैर हरिनारायण

तेरा परानीकी हरिनारायण

मै खडा ह्वैरयौं हरिनारायण

क्या हुन्छ शेखीले हरिनारायण

**क. ई. धमारीः**

हरि हरि महिष दैत्यले बाण छाड्यो ।

चण्डिका देवीले बाण काट्यो ।

दुवैतरका बाण चल्या ।

वरषा भया झैं वाण चल्या ।

कोशक बयान भारी जुद्ध भ्यो ।

दुर्घर दैत्यको शिर काटियो ।

त्रिनेत्र दान्नव अघिसरि ग्यो ।

त्रिनेत्र दैत्यको शिर काटियो ।

अन्धक दान्नव अघि सरि ग्यो ।

अन्धक दैत्यको शिर काटियो ।

महिषासुरले बाण हान्यो ।

देवीको बाघमा बाण हान्यो ।

देवीका बाघले नगरा धऱ्यो ।

दैत्यको आङ्ग चिरी रगत बह्यो ।

त्यो दैत्य फेरी बाघै भयो ।
बाघ भएर लडन लाग्यो ।
चण्डिका देवीले बाण हान्यो ।
फेरी त्यो दान्नव गदाहा भयो ।
सोही गदाहामा बाण हान्यो ।
त्यो दैत्य राक्षस राङो भयो ।
राङो भै सिगले मार्न लाग्यो ।
खुट्टाले पर्वत फाल्न लाग्यो ।
भवानी देवीमा हान्न लाग्यो ।
भवानी देवीले शक्ति हान्यो ।
शक्ति र शूलको चोट लाग्यो ।
रगतका धारा वहन लागे ।
मदिरा पिएकी भवानी जी
मत्त भएर हुकुम भयो ।
रै दैत्य राक्षस बात सुन ।
देहको आशा भया पताल जा ।
हेर मेरा हातको चकर तैं
येहि चकरले शिर काटी द्युँ ।
देवीले चकर हानी हाल्यो ।
देवीको चकर सीधा चल्यो ।
महिष राजाका घाँटीमा ग्यो ।
महिष दैत्यको शिर काटियो ।
भूमिमा परिगयो मूलको दाइँ
नन्दन बागका फूल झऱ्या ।
वरषा भएझैं फूल झऱ्या ।
स्वर्गमा द्यौताका बाजा बज्या ।

जो बाँकी दान्नव पत्ताल ग्या ।
देवता साधुको दु:ख छुटि ग्यो ।
द्यौता सबै मिलि शरणमा ग्या ।
भगवती माताका पाऊ पऱ्या ।
हामरो संकट शव छुटी ग्यो ।
अधर्मी दुष्टको संहार भ्यो ।
जय जय भगवती भवानी जी
तिम्रै खटनशीसार छ ।
जब जब हामीमा दु:ख पर्छ ।
भगवती माताले दु:ख बटारिन्छ ।
भगवतिमाताको हुकुम भ्यो ।
जब जब तिमीमा संकट भ्यो ।
तबतब मैकन समभ्की लिए
भगवति ह्वै गैन अन्तर्ध्यान
द्यौता सबै गया स्वर्गपुरी
गादीमा बसाल्यो सूर्यवंशी
अयोध्यापुरीका शत्रुघन
तब गए स्वर्गमा द्यौताहरू
उहि हुन नौ दुरगा
उहि हुन पार्वती गौरादेवी
उहि हुन भगवती कालिका जी
उहि हुन प्रकृति लक्ष्मीमाता
सारा जगत की करणी हो ।
उहि हुन घटघट शक्ति माता
जय बोलो सज्जन भगवति की
जय ! जय !! जय !!!

## ठाडो खेलको विश्लेषण

### क. शीर्षकहीन पाठको विश्लेषण

भगवतीको ठाडो खेलको मूलपाठमा मंगलचरण स्वरूप गणपति, सरस्वती, विष्णु, महादेव आदि देवताहरूको जयजयकार गाइएको छ । यसपछि कश्यप ऋषिका तेह्रवटी पत्नीहरू (पुराणहरूमा कश्यप ऋषिका दीति र अदीति नाम गरेकी दुईवटी पत्नी भएको वर्णन छ) थिए र उनका करम्भ र रम्भ नाम गरेका दुईवटा बलवान् पुत्रहरू रहेको वर्णन गरिएको छ । करम्भले जल तपस्या गरेको देखेर इन्द्र भयभीत भई ग्राहको रूप धारण गरी करम्भलाई मारेका थिए । भाइलाई इन्द्रले मारेको देखेर रम्भले पनि तपस्या गर्न थाले । उनले मांसयज्ञ गरी अग्निलाई खुशी पारेका थिए । अग्निले रम्भको मांसयज्ञबाट खुशी भएर उनलाई बरदान दिएको कुरा यस भगवतीको ठाडो खेलमा वर्णन गरिएको छ । अग्नि प्रसन्न भएर रम्भलाई वरदान माग- 'तिमी के चाहन्छौं ? तिमीले चाहेको वरदान दिन म तयार छु' भनी उनलाई वचन दिएका थिए । रम्भले अग्निको वचनको पालना गर्दै तिनै लोकको राज्य गर्न सक्ने त्यस्तो अमरपुत्र हुने बरदान मागे । अग्निले पनि अमरपुत्रको बरदान दिए तर त्यो पुत्र केवल नारीका हातबाट मात्र मर्नेछन् भनेर पनि बताइदिए । अग्निबाट यस्तो अमरपुत्रको बरदान पाएको रम्भ जङ्गलमा गएर बस्न थाले । त्यो जङ्गलमा राँगा भैंसीहरू थिए । रम्भले ती राँगा भैंसीहरूमध्येबाट एउटा भैंसीलाई आफ्नी पत्नी बनाएर राखे । केही समयपश्चात् त्यो भैंसीलाई आफ्नी पत्नी बनाएकाले उनलाई पाताल लिएर जान खोजे । त्यो जङ्गलमा बस्ने राँगासित रम्भको ठूलो युद्ध भयो । राँगाले रम्भलाई मार्‍यो । रम्भ मरेको देखेर भैंसी रम्भको सति गयो र मर्‍यो । मर्नुभन्दा पहिले भैंसीले आफ्नो गर्भ फालेछ । त्यो भैंसी पनि रम्भझैं राक्षस भएर त्यहीं मर्‍यो । भैंसीको गर्भबाट महिषासुरको जन्म भयो ।

सोमैशी (सप्तऋषि) हरूको रगतबाट लतपत भएर रक्तबीजको जन्म भयो । रक्तबीजलाई पनि ब्रह्माले नारीको हातबाट मात्र मर्ने वरदान दिएछन् । दानवहरूले परीक्षण (अजमाउन) गर्न थाले । उनीहरू धेरै बलवान् थिए । उनीहरूले तीनै लोकलाई आफ्नो वशमा लिए र महिषासुर राजा भए । उनले स्वर्गका राजा इन्द्रलाई स्वर्गको राज्य (गद्दी) छोड भनेर दूत पठाए । दूतको कुरा सुनेर रिसले चुर भएर इन्द्रले दूतलाई हप्काएर पठाए । महिषासुरलाई भैंसीको छोरो तेरो

बल सिंहको जस्तो कहाँ छ र ? तँलाई त भष्म गरिदिउँला भनी महिषासुरका दूतलाई सुनाएर पठाए । दूतले महिषासुरलाई इन्द्रले भनेका सबै कुराहरूको बेलिविस्तार बताए । इन्द्रका यी वचन सुनेर महिषासुर रिसले चुर भएर पृथ्वीमा खुट्टाले हान्न थाले । यहीबेला दैत्यसेनाहरूलाई जम्मा गरेर महिषासुर इन्द्रपुरीका लागि प्रस्थान गरे । महिषासुरले इन्द्रपुरीमा आक्रमण गरेको देखेर देवताहरूले पनि आफ्नो फौंज जम्मा गरे । इन्द्रले विष्णु, महादेव सबैलाई आफ्नो हालखबरसहित विन्ती चढाए । सबै देवताहरू आ-आफ्नो वाहनमा सवार भएर इन्द्रपुरीमा आए । ब्रह्मा हंसमा, विष्ण गरुडमा, महादेव साँढेमा, कार्तिकेय (स्कन्द) मयुरमा, यमराज भैंसीमा सवार भएर आएका थिए । यिनीहरूका अतिरिक्त तेत्तीस कोटी देवता, अनन्य मरुदगणहरू, अष्टवसु, अश्विनीकुमार, वरुण, कुवेर, अग्नि, चन्द्रमा, सूर्य आदि देवताहरूले आ-आफ्ना वाहनसहित सवार भएर देवताहरूको फौजलाई जम्मा गरेर महिषासुरसँग युद्ध गरे । त्यस युद्धको बयान कसले गर्न सक्छ ? त्यहाँ के-कति क्षति भयो ? त्यसको कसैले पनि बयान गर्न सकेको छैन । यो युद्ध भयङ्कर थियो र सय वर्षसम्म चलेको थियो । यस युद्धमा देवताहरूको हार (पराजय) भएको थियो । सबै देवताहरू आ-आफ्नो स्थान छोडेर तथा इन्द्रले पनि इन्द्रपुरीको राज्य छाडेर भागेका थिए । इन्द्रासनमा महिषासुर गएर राज्य गर्न थाले । महिषासुरले इन्द्रपुरीमा कब्जा गरेपछि स्वर्गमा हाहाकार मच्चियो । देवलोक (स्वर्ग) बाट देवताहरू भागेर मर्त्यलोकका गुफा-कन्दराहरूमा गएर बस्न थाले । यहाँ आएर उनीहरूले ब्रह्माको आराधना गरे । ब्रह्मा प्रकट भए र ब्रह्मासहित सबैले विष्णुको स्तुति गर्न थाले ।

**ख) ठूलो ढुस्को**

ब्रह्मा, महादेव, इन्द्र हात जोडेर विष्णुको आराधना गर्न थाले । हे नाथ ! वैकुण्ठनाथ, लक्ष्मीपति, नारायण, हे भगवान् ! त्रिलोकीनाथ घटघटका वासी वासुदेव, हे भगवान् ! महिषासुरले हामीलाई धेरै दुःख पीडा दिइराखेको छ । स्वर्गपुरीमा हमला गरी राज गरिरहेको छ। हामीहरू यताउति घुमिफिरी लुकिछिपी बसिराखेका छौं । हामीहरू गुफा-कन्दरामा बस्नुपरेको छ । धार्मिक कामकाज केही पनि गर्न पाइराखेका छैनौं । साधु ब्राह्मणहरूलाई दुःख, पीरमर्का परिराखेको छ । वेदको मूल भाँच्चिएको छ । महिषरूपी राक्षस केही गरी पनि नमर्ने भएको छ । हामीहरू कहिलेसम्म गुफा कन्दरामा बस्ने हो । यहाँबाट कहिले मुक्ति पाइएला । हे

भक्तका हितकारी त्रिलोकीनाथ भनेर ब्रह्मासहितका देवताहरूले विष्णुको स्तुति गरिरहेका थिए । त्यसैबेला वैकुण्ठाधीश भगवान् विष्णुले आकाशवाणी गरे- "त्यो दुष्ट दैत्य महिषासुरले नारीका हातबाट मात्र मर्ने अमर वरदान पाएको छ । हे देवताहरू हो ! हैरान नहोऊ नारीको रूपलाई सृष्टि गरिदिउँला ।" त्यसैबेला हरिको इच्छाले ब्रह्माको मुखबाट सूर्यको जस्तो आगो बलेझैं धपधप गर्ने तेजको थुप्रो निस्क्यो, त्यस्तै विष्णु, महादेव, इन्द्रलगायतका देवताहरूबाट पनि त्यस्तै तेज निस्क्यो र जुन तेज एकाकार भएर देख्दादेख्दै नारीका रूपमा परिणत भयो । अठार भुजाकी भगवती माता गोरो तेजस्विनी मुख भएकी, हज्जारौं गहनाहरूले सिंगारिएकी ती भगवतीलाई सबै देवताहरूले आ-आफ्नो हतियार दिएर सुसज्जित गरे । हज्जारौं गुणकी खानी, तेजकी राशि उज्यालो अनुहार भएकी राम्री ती जगतकी रक्षक मातालाई देखेर देवताहरूका मनमा हर्ष पलायो । हात जोडेर स्तुति गर्न लागे- हे महामाया ! घटघटवासी जगदम्बिका भगवती, महिषासुरले नारीका हातबाट मात्र मर्ने अमर वरदान पाएर हामी देवताहरूमाथि अन्याय अत्याचार गरेको छ । त्यो दुष्ट दैत्यलाई संहार गरेर हामीहरूको उद्धार गरिदिनुहोस् । यो कुरा सुनेर देवी खुशी भएर हाँसिन्, देवीको हाँसोले धर्ती कम्पायमान भयो । दुष्ट दैत्यहरूको सातोपुत्लो उड्यो । पहाडहरू फुट्न थाले । राक्षसहरूका कान ठाडा भए । देवताहरू खुशी भएर देवीको जयजयकार गर्न थाले । त्यो आवाज सुनेर दैत्यराज महिषासुर आश्चर्यमा पर्‍यो ।

**गः सानो ढुस्को**

देवताहरूको त्यो अट्टहासलाई देखेर आश्चर्यमा परेको महिषासुरले आफ्नो दूतलाई त्यस ठाउँमा पठायो । दूत देवीको नजिक पुगेको थियो तर देवीको जाज्वल्यमान तेजलाई त्यसले हेर्न सकेन र त्यो दूत त्यहाँबाट फिर्ता आयो । आफ्नो स्वामी महिषासुरलाई त्यहाँको प्रत्यक्ष घटना सुनायो । हे महाराज ! हेर्न नसकिने नारीको त्यस्तो रूप जुन गहनाहरूले सजिसजाउ छ । मुखमा कान्ति (तेज) छ । अठार भुजा भएकी काला-काला आँखा भएकी जसको हातमा धेरै हतियारहरू छन् जसले मदिरा पिएकी  छिन्, जुन बाघमा सवार छिन्, त्यस्ती देवीलाई सबै देवताहरूले सम्मान गरेका छन् । त्यस्ती ती देवी जुनबेला बोल्छिन्, त्यतिबेला धर्ती नै काम्छे, पर्वतहरू आफसेआफ फुट्छन्, त्यस्ती देवीलाई देखेर मेरो छातीमा धकधकी भएर आयो र म त्यहाँबाट भागेर आएँ ।

आफूले पठाएको दूतको यो बखानलाई सुनेर महिषासुरले प्रधानमन्त्रीलाई देवी भएको ठाउँमा पठायो । त्यो राक्षसराजको प्रधानमन्त्रीले देवीलाई नाना प्रकारले फकाउन थाल्यो । जति तिमी सुन्दर छयौ, त्यति नै सुन्दर हाम्रा महाराज पनि छन् । तिनले ब्रह्माबाट अमर वरदान पनि पाएका छन् । त्यस्ता महाराजकी रानी बनाउनका लागि तिमीलाई लिन आएको हुँ । मसँग हिंड । सम्मानपूर्वक तिमीलाई महाराजसम्म पुऱ्याइदिउँला । मन्त्रीका यी यस्ता वचनहरू सुनेर देवी मुसुक्क हाँसिन् र गम्भीर भएर भन्न थालिन्- म त लक्ष्मी हुँ, देवताहरूकी आमा, देवताहरूको दुःख देखेर यहाँ आएकी हुँ । देवताहरूलाई दुःख दिने राक्षसहरूसँग युद्ध गरेर देवताहरूको राज्य फिर्ता दिलाउनका लागि म यहाँ आएकी हुँ । तिमीहरूको राजा महिषासुरलाई यही मेरो एक हातको खड्गले मारिदिउला, यही मेरो सन्देश लिएर तिमी जाऊ । यदि तिम्रा राजासहित तिमीहरूलाई बाँच्ने इच्छा (रहर) भए पातालमा गएर राज्य गर । यदि मर्ने रहर भए युद्ध गर्न आउनू भनेर तिम्रा राजालाई खबर लगिदेऊ ।

देवीका यी कुराहरू सुनेर मन्त्री फर्क्यो । देवीले भनेका सम्पूर्ण कुराहरू महिषासुरलाई बेलिविस्तारसँग भन्यो । तिनलाई रानी हुनु त कहाँ हो, युद्ध गर्ने र मार्ने कुरा देवीले गरेको सुनेर महिषासुरले तामर दैत्यलाई पठायो । तामर दैत्यले पनि फेरि उही जवाफ लिएर आयो । फेरि महिषासुरले आफ्ना हितैषी दैत्यहरूलाई बोलाएर छलफल गऱ्यो । त्यो छलफलमा दुर्मुख र वास्कलहरूलाई देवीकहाँ पठाउने निधो गऱ्यो । उनीहरूले भने पहिले फकाउने कोसिस गरौंला, कति गर्दा पनि नमाने बाँधेर ल्याऔंला भनी साथमा अनगिन्ती फौज लिएर देवी भएको ठाउँमा गए । त्यहाँ पुगेर देवीलाई विभिन्न प्रकारले फकाउन थाले । देवीले मानिनन् र धम्क्याउन थाले र देवीले भनिन्- हे दुष्ट दानवहरू हो ! म दुष्टहरूको नाश गर्न र देवताहरूको रक्षा गर्ने देवी हुँ । तिमी दानव (राक्षस) हरू मेरा लागि के हो र ? महिषासुर भैंसीको छोरा मेरो सामुन्ने के हो ? यसरी देवीका यी वचन सुनेर दुर्मुख र वास्कलहरूले देवीसँग युद्ध गर्न थाले । युद्धमा दुवैतर्फका सेनाहरूले आ-आफ्नो हतियारहरूबाट सु-सज्जित भएर एक-अर्काका फौजमाथि वाणहरूको वर्षा गर्न थाले । ठूलो भयङ्कर युद्ध भयो । त्यस युद्धको बयान कसरी गरौं, बयानै गर्न सकिँदैन । दैत्यसेनाहरूलाई देवीले हताहत पार्दै गइन् । चिक्षुरको फौजले देवीमाथि हमला गऱ्यो । देवीले चिक्षुरलाई सेनासहित मारिन् । त्यसपछि दुर्मुखको सेना आएर लड्न थाल्यो । देवीले दुर्मुखलाई पनि सेनासहित नै सखाफ पारिन् । दुर्मुखलाई तरबारले शिरच्छेदन गरी

मारिन् । दुर्मुख मारिएको मृत्यु देखेर दैत्यसेनामा हाहाकार मच्चियो । सैनिकहरू भाग्न थाले र महिषासुरले वास्कल र दुर्मुख मारिएको खबर पाएपछि आफ्नो सारथीलाई बोलाएर एक सय गधाहरूलाई आफ्नो रथमा जोत्न लगायो । त्यस रथलाई ध्वजापताकाहरूले सिंगार्न लगाई मायावी महिषासुरले सुन्दर मानवरूप धारण गऱ्यो र देवीलाई फकाउन-फुल्याउन र नमाने युद्धसमेत गर्न हिंड्यो । साथमा हातहतियार, सैनिक पनि लिएर गयो । युद्धस्थलमा त्यस मायावी महिषासुरलाई देखेर देवीले पनि आफ्ना हतियारहरू हातमा लिइन् र सिंहमा सवार भइन् । यो देखेर त्यो मायावी महिषासुरले देवीलाई विभिन्न प्रकारले फकाउन थाल्यो । देवीलाई फकाउन हज्जारौं प्रयत्नहरू गऱ्यो । तिमीलाई रानी बनाउँला । देवी-देवताहरू, दानवहरू सबै मेरा अधीनमा छन् । मैले जे भन्यो त्यही मान्छन् । मैले जे गरे पनि उनीहरूले स्वीकार्नुपर्छ । त्यसरी समाजमा मैले सम्मान पाएको छु । म तिमीलाई पटरानी बनाएर राखूँला, तिमी मसँग हिंड भनेर महिषासुरले देवीलाई सम्झाउन-बुझाउन र फकाउन थाल्यो । यत्तिकैमा देवीले जवाफ दिइन्- नारीहरूको रूप देखेर पुरुषहरू मोहित हुन्छन् । वेश्या नारीले मात्र जहाँतहीं लोग्ने खोज्ने गर्छिन् । म त त्रिलोककी माता भगवती हुँ, देवताहरूको दुःख कष्ट देखेर दैत्यहरूको नाश गर्नका लागि अवतार लिएकी हुँ, म त तेरो काल हुँ, तेरो नाश गर्नका लागि यहाँ प्रकट भएकी हुँ, मलाई तँ दुःख दिने ? मेरो नाम दुर्गा हो । तिमीहरू घमण्ड नगरी पातालमा गएर बस्यौ भने म तिमीलाई माफी दिन्छु । पातालमा गएर शान्तिसँग बस । देवीका यी कुरा सुनेर महिषासुर हाँस्न थाल्यो र फेरि फकाउन थाल्यो । यो सब देखेर देवीलाई रिस उठ्यो र भन्न थालिन्- 'हे मूर्ख दानव, यदि तिमीलाई बाँच्ने आशा छ भने पातालमा गएर बस र मर्ने मन भए त्यहीं खडा रह, तिम्रो काल भएर म यहाँ प्रकट भएकी हुँ । तिम्रो शेखीले केही हुँदैन ।'

**घ : धमारी**

यसपछि यी दुवै देवी र महिषासुरका बीचमा ठूलो घमासान युद्ध हुन थाल्यो । महिषासुरले वाणहरूको वर्षा गर्न थाल्यो । देवीले महिषासुरले प्रहार गरेका सबै वाणहरूलाई काटिदिइन् । दुवैतर्फबाट वर्षा भएसरी वाणहरू चल्न थाले । यसको बयान कसले गर्न सक्छ । ठूलो युद्ध भयो । दुर्घर नाम गरेको दैत्यको देवीले शिर काटिदिइन् । ऊ मऱ्यो । यसपछि त्रिनेत्र नाम गरेको दानव युद्ध गर्न अगाडि सऱ्यो । त्यसको पनि देवीले शिरच्छेदन गरिदिइन् । त्यसपछि

अन्धक नाम गरेको दैन्य अगाडि सऱ्यो । त्यसको पनि देवीले शिरच्छेदन गरिदिइन् । यी आफ्ना वीर दैत्यहरूको अवसान देखेर महिषासुर स्वयं युद्धमा अगाडि सऱ्यो । उसले देवीको बाहन सिंहमाथि वाण हान्यो । बाघले नङ्ग्राहरूद्वारा कोपरेर महिषासुरलाई रगताम्य पारिदियो । मायावी त्यो महिषासुरले आफ्नो स्वरूप फेरेर बाघ भएर देखापऱ्यो । देवीका वाणहरूका अगाडि टिक्न नसकेर फेरि त्यसले गधाको रूप लियो । देवीले गधामाथि पनि प्रहार गरिन् र फेरि त्यसले राँगाको रूप लियो । आफ्ना ठूलाठूला जहरिला सिङहरूद्वारा मार्न थाल्यो । तथा ठूलाठूला पहाडहरूलाई उचालेर देवीमाथि प्रहार गर्न थाल्यो । यहीबेला देवीले आफ्नो शक्ति नाम गरेको अस्त्र र शूल नाम गरेका अस्त्रहरू प्रहार गरिन् । शूलले चोट लागेर महिषासुरका रगतका धाराहरू बग्न थाले । देवीले भनिन् हे दुष्ट दैत्य मेरो कुरा सुन, शरीरको माया छ भने पाताल गएर बस्, होइन भने मेरो हातमा रहेको चक्रले तेरो शिर काटिदिउँला । यत्तिकैमा देवीले चक्रले महिषासुरमाथि प्रहार गरिन् र महिषासुरको शिर काटियो । शिरच्छेदन भएको त्यो महिषासुर पृथ्वीमा ढल्यो । बाँकी बाँचेका राक्षसहरू भागेर पाताल गए ।

महिषासुर ढल्नेबित्तिकै आकाशबाट पुष्पवर्षा हुन थाल्यो । देवीको जयजयकार हुन थाल्यो । आकाशमा बाजागाजासहित देवीको स्तुति सुनिन थाल्यो । यसरी देवताहरू, साधु ब्राह्मणहरूले पाएको दुःखकष्ट, पीडाबाट मुक्ति पाए । ब्रह्मादि देवताहरू देवीका चरणमा गएर प्रणाम गर्न थाले ।

हे माता देवी हाम्रो संकट छुट्यो । हामीलाई दुःख कष्ट दिने यी दानवहरूबाट हजुरको कृपाले छुटकारा पायौं । यस्ता यी अधर्मीहरूको संहार गरेर हामीहरूको उद्धार गरिदिनुभयो । यस्ती श्री दुर्गा भवानीको जय ! जय !! जय !!!

हे ! माता भगवती तिम्रै भरमा यो संसार चलेको छ । जब-जब धर्तीमा दुःख आइपर्छ, तब-तब भगवती माताले ती सारा दुःखहरूलाई बटारिदिन्छिन् । देवीले भनिन्, जब-जब तिमीहरूलाई दुःखकष्ट आईपर्छ, मलाई सम्झनू । यति भन्दै देवी त्यहाँबाट अन्तर्ध्यान भइन् र सबै इन्द्रादि देवताहरू पनि आ-आफ्नो लोकमा प्रस्थान गरे । यस धर्तीमा राज्य गर्न सूर्यवंशी राजालाई राजगद्दीमा बसाले । ती सूर्यवंशी राजा अयोध्याका रामका भाइ शत्रुघ्न हुन । उनै नवदुर्गा, उनै गौरादेवी, उनै पार्वती, उनै भगवती, उनै कालिका, उनी नै हुन् लक्ष्मी । सारा संसारलाई आफ्नो वशमा राख्ने घटघटवासी शक्ति माताको जय ! जय !! जय !!!

**अ. शीर्षकहीन (ख)**

जय जय गणनाथ जय सरस्वती
जय जय महादेव जय भगवती
जय जय रघुनाथ जय लक्ष्मण
जय राधे श्रीकृष्ण जय बलराम
जब-जब देवतान आपत्ती पडी
तव-तव देवीले संकट काट्यो ।
पातालका राक्षस शुम्भ निशुम्भ
मृत्यु लोक तिर्थमा तप गर्न लाग्या ।
दुवैले एकै ठाउँमा तप गऱ्यो भारी
खुशी भै बरमाजी प्रकट भ्यान् ।
वरदान माग्नाकि अघि सरि ग्यान् ।
दुवैले अमर वरदान माग्यो ।
वरमाले अमर वरदान दीछ ।
नारिका हातले वर वाँकी राख्यो ।
दैत्यले तीन लोक वश गरि हाल्यो ।
जेठो भाई शुम्भ दान्नव राजा भैछ ।
साथमा दैत्यको अनगन्ती फौंज
निशी गया दान्नव इन्दरपुरी
देवता दान्नवको भारी जुद्ध भैछ ।
इन्दर राजाकी हार हौइ गैछ ।
देवता लुकी भाँजी कन्दरामा ग्यान ।
स्वर्गका देवतान दुःख पडी गैछ ।
विरस्पती गुरुले अर्थ बताइछ ।
जै देवी माताले महिष माऱ्यो ।

उहि देवी माताको आराधना गर ।
इन्दरादि देवता खुशी भ्यान ।
निशि गया देवता हिमालय धुरा
देवीको वीजमन्त्र जप गर्न लाग्या ।
जय माता भवती
जय महेश्वरी
जब-जब हामी माथि संकट आयो ।
तब-तब भक्तको दुःख टारि दिन्या ।
पातालका राक्षस शुम्भ निशुम्भ
दैत्यले तीन लोक जीति सक्यो माता
स्वर्गको गादीमा राक्षस बस्यो ।
हामी सबै देवता कन्दरामा लुक्या ।
हामी माथि भारी विपत पडि रैछ ।
दरशन दिनुहोस् भगवती माता
देवताका भक्तिले खुशी भैन देवी
नहाउन्या निहुँ गरी पार्वती आइन् ।
देवता आफ्नु दुख भन्न लाग्या ।
पार्वती देवीको हुकुम भैछ ।
हाइरान नपड देवता लोग ।
साधुको संकट मै काटी चुँलो ।
देवीका आङबाट एक अर्की देवी
पैले त गोरी थिइन फेरी भैन काली
घोर स्वरूपकी राता आखाँ तानी
शिलशिल्या जीवडो बाहिर निकाली
फेरी गौरा पार्वती घुमन लागी
कालीलाई साथलिई हिमालय गैन ।

शुम्भका दूतको डीठ पडी गैछ ।
आँखामाटक लागी शुम्भथै ग्यान ।
चण्डमुण्ड दान्नव बोलन लाग्या ।
हजुर लायक सुन्दर नारी
तसो रूप हामीले काँहि नदेख्यो ।
हिमालय धपधप उज्यालो हुन्या ।
शुम्भ निशुम्भको मनखुशी भैछ ।
शुम्भैले सुगरीव मन्त्री पठायो ।
नारी मै लेऔलों भनी गयो मन्त्री
पुगि गयो सुगरीव हिमालय धुरा
देवीका मुखमा डीठ पडी गैछ ।
सुगरीव खुशी भयो सीप लौन लाग्यो ।
हजार किसिमले फकौन लाग्यो ।
हजुर लायक शुम्भ राजा छन् ।
शुम्भ निशुम्भ राजा वरदानी छन् ।
कति गरौं बयान केही छैन हर्जा
हाँसी हाँसी बोली गैन पार्वती देवी
क्या गरुँ सुगरीव साँचै हो वात
संकल्प गरी हाल्या शुण दूत मैले
जसैले मै जित्यो उसैका जान्या ।
शुम्भैले मै जित्या रानी हुन्या थिया ।
भ्रा दूत तेरा राजा याँ पठा चाणो
सुगरीव खुशी भयो तुरुन्त फर्क्यौ ।
शुम्भ निशुम्भ यै गरि हाल्यो वात
शुम्भ निशुम्भको मन खुशी भैछ ।
नारीसित लडनाकी किन आफैं जाऊ ।

धुम्रलोचन वीर दान्नव भारी
साथमा साठी हजार दैत्यको फौज
धुम्रलोचन पुग्यो हिमालय धुरा
देवीका मुखमा डीठ पडी गैछ ।
धुम्रलोचन वीर सम्भौन लाग्यो ।
हजार किसमले फकौन लाग्यो ।
कालिका भगवती बोलन लागि
ठग्न्या कुरा नगर दान्नव तैंले
गधाका साथमा गाइ कहाँ भाली
स्यालका साथमा बाघ निका भा
मर्‍या भया अघि सर वचन्या भया भाज

**ख. आ. सानो ढुस्को**

धुम्रलोचन हरिनारायण
कालिका माथी हरिनारायण
वाण चलौंछ हरिनारायण
कालिका देवीले हरिनारायण
गदा चलायो हरिनारायण
धुम्रलोचनको हरिनारायण
गधाहा मार्‍यो हरिनारायण
धुम्रलोचन हरिनारायण
गाली गर्न लाग्यो हरिनारायण
काली कल्चौडी हरिनारायण
कालीका देवीले हरिनारायण
हुँकार दीछ हरिनारायण
धुम्रलोचन हरिनारायण

ह्वै गयो भस्म हरिनारायण
कालिकादेवीले हरिनारायण
दैत्यका फौंजको हरिनारायण
नाश गरि दीछ हरिनारायण
शुम्भ निशुम्भले हरिनारायण
शुणी हाल्यो वात हरिनारायण
फेर लायो राजाले हरिनारायण
चण्डमुण्ड दान्नव हरिनारायण
साथमा दैत्यका हरिनारायण
अनगन्ती फौज हरिनारायण
चण्डमुण्ड दैत्यको हरिनारायण
सेना पुग्यो हिमालय हरिनारायण
देवीका मुख डीठ पडी गैछ हरिरायण
सम्झौन लाग्यो हरिनारायण
हजार किसिमले हरिनारायण
फकौन लाग्यो हरिनारायण
पार्वती देवीको हरिनारायण
हुकुम भैछ हरिनारायण
रै दैत्य मूर्ख हरिनारायण
तोइ जसा दैत्य हरिनारायण
कति मार्‍या मैले हरिनारायण
वल भया अघि सर हरिनारायण
भक्तको दुःख हर्न्या हरिनारायण
पापीको नाश गर्न्या हरिनारायण
मै त हौ दुर्गा हरिनारायण
डरमाण्या भागी जा हरिनारायण

तिमी सबै दान्नव हरिनारायण

पाताल वश हरिनारायण

चण्डमुण्ड दान्नव हरिनारायण

अघि सरि ग्या हरिनारायण

वाणको वर्षा हरिनारायण

चण्डीका देवीले हरिनारायण

वाण चलायो हरिनारायण

भारी जुद्ध भैछ हरिनारायण

चण्डीका देवीलाई हरिनारायण

रीश उठी गैछ हरिनारायण

भुकृटीबाट हरिनारायण

एक अर्की देवी हरिनारायण

घोर स्वरूपकी हरिनारायण

राक्षसकी तीर हरिनारायण

राता आँखा तानी हरिनारायण

अति लामा दाँत हरिनारायण

फाला जसा दाँत हरिनारायण

आङमा देवीका हरिनारायण

बाघको छाला हरिनारायण

घाँटीमा मुण्डमाला हरिनारायण

पसी गैन फौजमा हरिनारायण

हातमा पासो हरिनारायण

हातमा खप्पर हरिनारायण

त्यसै खप्परले हरिनारायण

लोही पिन लागी हरिनारायण

दैत्यका फौंजको हरिनारायण

नाश गरी दिछ हरिनारायण
कालीका देवीले हरिनारायण
चारैतिर पाशो फीजी हरिनारायण
चण्डमुण्ड दान्नव हरिनारायण
पासामा वेधिया हरिनारायण
कालिका देवीले हरिनारायण
चण्डीका सामुन्ने हरिनारायण
चण्डमुण्ड दैत्यको हरिनारायण
खड्गले शिर छेक्यो हरिनारायण
शुम्भ निशुम्भले हरिनारायण
शुणी हाल्यो वात हरिनारायण
फेरी लायो राजाले हरिनारायण
रगतबीज हरिनारायण
वरदानी दैत्य हरिनारायण
साथमा दैत्यका हरिनारायण
अनगन्ती फौज हरिनारायण
रगतबीजको हरिनारायण
सेना पुग्यो हिमालय हरिनारायण
चण्डीका देवी हरिनारायण
अघि सरि गैन हरिनारायण
रगतबीजले हरिनारायण
वाण चलायो हरिनारायण
चण्डीका देवीले हरिनारायण
वाण चलायो हरिनारायण
भारी जुद्ध भैछ हरिनारायण
हाहाकार भैछ हरिनारायण

चण्डीका देवीले हरिनारायण
शङ्ख बजायो हरिनारायण
चर्को आवाज हरिनारायण
तेस वखतमा हरिनारायण
महादेव आया हरिनारायण
महादेव स्वामी हरिनारायण
बोलन लाग्या हरिनारायण
हे  देवी भगवती हरिनारायण
दैत्यको नाश गर हरिनारायण
देवताको दुःख हर हरिनारायण
तेसै वखतमा हरिनारायण
शक्ति प्रकट भैन हरिनारायण
भगवती माताका हरिनारायण
कति रूप भ्यान हरिनारायण
क्वै देवीले वाण हान्यो हरिनारायण
क्वै देवीले पाशो हान्यो हरिनारायण
दैत्यको नाश गर्‍यो हरिनारायण
रगतबीज हरिनारायण
वरदानी दैत्यका हरिनारायण
अनगन्ती वाण चल्या हरिनारायण
भारी जुद्ध भैछ हरिनारायण
चण्डीका देवीले हरिनारायण
चक्र चलायो हरिनारायण
मरेन राक्षस हरिनारायण
लोहीकी नदी हरिनारायण
जति बुँद रगतका हरिनारायण

धरर्तीमा पऱ्यो हरिनारायण
उति भया दानव हरिनारायण
कोटिन कोटी हरिनारायण
दान्नव भ्यान् हरिनारायण
देवता लोग हरिनारायण
हैरान भ्यान हरिनारायण
इन्दरादि देवतामा हरिनारायण
शोक पडी गैछ हरिनारायण
चण्डीका देवीको हरिनारायण
हुकुम भैछ हरिनारायण
हे ! काली भगवती हरिनारायण
खाइदेउ दान्नव हरिनारायण
घोर स्वरूपकी हरिनारायण
कालिकादेवीले हरिनारायण
दैत्यको नाश गऱ्यो हरिनारायण
हातमा पाशो हरिनारायण
हातमा खप्पर हरिनारायण
एकछिटो नराखी हरिनारायण
लोही पिन लागी हरिनारायण
दैत्यको नाश गऱ्यो हरिनारायण
कालिका देवीले हरिनारायण
रगतबीज हरिनारायण
मुसलले माऱ्यो हरिनारायण
दैत्यको नाश गऱ्यो हरिनारायण
शुम्भ निशुम्भले हरिनारायण
शुणी हाल्यो वात हरिनारायण

निशुम्भ बोल्यो हरिनारायण
मै झानौ दाजी हरिनारायण
कालिका मारी औंछु हरिनारायण
चण्डिका लेऔछु हरिनारायण
आब आयो निशुम्भ हरिनारायण
सातमा दैत्यका हरिनारायण
अनगन्ती फौंज हरिनारायण
निशुम्भ दैत्यको हरिनारायण
अनगन्ती सेना चल्यो हरिनारायण

**ख. इ. धमारी**

निशुम्भ दैत्यको फौंज चल्यो ।
अनगन्ती दैत्यको फौंज चल्यो ।
हिमालय पर्वत फौंज चल्यो ।
हिमानधुरामा पुग्यो रे लाल
चण्डीका भगवती अघि सरी गै ।
निशुम्भ दैत्यको फौंज चल्यो ।
चण्डीका देवीका वाण चल्या ।
वर्षा भएझैं वाण चल्या ।
चण्डीका देवीले घण्टा बजाई
चण्डिका देवीको हुकुम भ्यो ।
रे दैत्य मुर्ख पताल जा
हाँसी हाँसी दान्नव लड्न लाग्यो ।
अनगन्ती वाणको वरषा भयो ।
देवीको वाघ पनि लड्न लाग्यो ।
राक्षस दान्नव मार्न लाग्यो ।

नगराले चिरीचिरी मार्न लाग्यो ।
निशुम्भ दैत्यका बाण चल्या ।
चण्डीका देवीका बाण चल्या ।
चण्डीका देवीले खड्ग चलायो ।
खड्गेले दैत्यको शिर काटियो ।
काटेको शिर पनि लड्न लाग्यो ।
देवीले शिरका टुक्रा बनाई
निशुम्भ दैत्यको नाश गर्‍यो ।
शुम्भले शुणी हाल्यो भाइको हाल
छाती पिटिपिटी होश उडिगै
हामरो भाइ काँ देखौं मैं
स्वर्ग पातालमा कीर्ति थियो ।
दैत्यको नाश गर्न अम्बिका आई
क्यै वेर होश उडी फेरी उठी ग्यो ।
साथमा अनगन्ती फौंज लियो ।
शुम्भ दान्नवको फौंज चल्यो ।
हिमाल पर्वत फौंज चल्यो ।
हिमालयधुरामा पुग्यो रे लाल
देवीका मुखमा डीठ पडी गै
मोहमा पडी गयो शुम्भ राजा
रीशले मार्नाकी मै आएको
तिम्रो स्वरूप देखि रीस मरिगै
जे हुनु भै गयो अब रानी ह्वौ ।
चण्डीका देवीको हुकु भ्यो ।
सुन काली ए ! दैत्य मुर्खकी वात
यै दैत्य मूर्खको नाश गर ।

कालिका भगवती अघि सरि गै
शुम्भ दान्नवले बाण हान्यो ।
कालिका देवीमा बाण हान्यो ।
कालिका देवीले गदा हान्यो ।
शुम्भको सारथी मारिदियो ।
शुम्भ दान्नवले वाण चलायो ।
कालिका देवीको गदा काट्यो ।
फेरी कालीका देवीले गदा हान्यो ।
शुम्भ दान्नवको हात काट्यो ।
फेरी अर्को हातले लड्न लाग्यो ।
गदाले त्यो पनि काटि दियो ।
पर्ख पर्ख भनिक झपट्न लाग्यो ।
काली करानीले खड्ग हान्यो ।
खड्गले दैत्यको शिर काटि दियो ।
भूमिमा पडि गयो शुम्भ राजा
स्वर्गमा दुन्दुभी बाजा बज्या ।
नन्दन वागका फूल झर्‍या ।
वरषा भएझैं फूल झर्‍या ।
जो बाँकी दान्नव पाताल ग्या ।
स्वर्गकी गादीमा इन्दर गया ।
देवता साधुको दुःख छुटि ग्यो ।
स्वर्गमा देवीकी जय जय भै
जय जय जय श्री भवती माताको

## विश्लेषण

### ख. अ. नामहीन शीर्षक

भगवतीको यो दोस्रो खेलमा पनि पहिले गणेश, सरस्वती, महादेव, भगवती, रघुनाथ, लक्ष्मण, राधाकृष्ण, बलराम आदि देवताहरूको जयजयकार गाइएको छ । यसरी शुरुमा जयजयकार गाइसकेपछि देवीको उत्पत्तिका कारणबारे वर्णन गरिएको छ । यस पृथ्वीमा जब-जब राक्षसहरूको बोलवाला बढ्छ, आतंक-अत्याचार बढ्छ, तबतब देवताहरूले देवीको आराधना गर्दछन् र देवीले देवताहरूका संकटहरूको समाधान गर्छिन् ।

पाताल लोकमा बस्ने राक्षस शुम्भ र निशुम्भ पृथ्वी (मृत्यु) लोकमा तीर्थमा दुवै एकै ठाउँमा बसेर तपस्या गर्न थाले । उनीहरूको तपस्या देखेर आराध्यदेव ब्रह्माजी प्रकट भएर हे शुम्भ-निशुम्भ तिमीहरूले गरेको तपस्याबाट म प्रसन्न भएँ । तिमीहरूले चाहेको वर माग । शुम्भ-निशुम्भले ब्रह्माजीलाई देखेर हात जोडेर अमर हुने वरदान मागे । ब्रह्माजीले उनीहरूले मागेअनुसार पूरै अमरत्वको वरदान नदिएर तिमीहरू नारीका हातबाट मात्र मर्ने छौ । त्योबाहेक तिमीहरूलाई अरु कसैले पनि मार्न सक्नेछैन, भन्ने वरदान दिए ।

शुम्भ र निशुम्भले अमरत्वको वरदान पाएपछि उनीहरूले पाताल, मृत्यु र स्वर्ग गरी तिनै लोकलाई आफ्नो वशमा लिए । जेठो भाइ शुम्भ राजा भयो । उनीहरूको साथमा अनगिन्ती फौज थिए । शुम्भले इन्द्रपुरीमा आक्रमण गऱ्यो । इन्द्रलोकमा इन्द्र र दानवहरूको ठूलो युद्ध भयो । यो युद्धमा इन्द्र दानवहरूबाट पराजित भए । इन्द्रासनमा शुम्भ गएर बस्यो । इन्द्रलोकबाट देवताहरू भागेर गुफा कन्दराहरूमा गएर बस्न थाले । देवताहरूलाई दुःख आइपऱ्यो ।

देवताहरूलाई आइपरेको दुःख र दानवहरूबाट मुक्ति पाउने उपाय बृहस्पतिले बताए । उनले भने, जुन भगवतीले महिषासुरलाई मारेकी थिइन्, तिनै देवीको उपासना गऱ्यौ भने यो दानवहरूको दुःखबाट मुक्ति पाइन्छ । बृहस्पतिले भनेअनुसार इन्द्रादि देवताहरू खुशी भएर हिमालय पर्वततिर देवीको आराधना गर्न गए र त्यहाँ गएर इन्द्रादि देवताहरू देवीको बीज मन्त्रको जप गर्न थाले । हे भगवती माता हे महेश्वरी ! जब-जब हामी देवताहरूमाथि संकट

आइपर्छ । तबतब भक्त बालक सम्झेर हाम्रो दुःखलाई हटाइदिने त्यस्ती देवी माताका शरणमा छौं ।

हे भगवती ! पाताल लोकमा राक्षस शुम्भ-निशुम्भ नाम गरेका दैत्यहरूले तीनै लोकमाथिी विजय गरेर हामीहरूलाई दुःख संकट परेको छ । स्वर्गको गद्दीमा शुम्भ नाम गरेको राक्षस बसेको छ । हामी सबै देवताहरू गुफा कन्दराहरूमा लुकेर बसेका छौं । हामीहरूलाई ठूलो विपत आइपरेको छ । हे भगवती माता ! हामीहरूलाई दर्शन दिनुहोस् ।

देवताहरूले गरेको आराधनाबाट देवी खुशी भइन् र हिमालय पर्वतमा पार्वती देवी प्रकट भइन्, देवताहरूले आफ्नो दुःख कष्ट, संकटका बारेमा देवीलाई बताए । त्यसैबेला देवीले भनिन्- हे देवताहरू हो ! हैरान नहोऊ, तिमीहरूको संकट म टारिदिउँला । यत्तिकैमा पार्वती देवीका शरीरबाट एउटा अर्की देवी प्रकट भइन्, ती हुन् काली ।

पार्वती देवीका शरीरबाट उत्पन्न भएकी काली देवी शुरुमा गोरी थिइन् तर तुरुन्तै काली भएर देखा परिन् । राताराता आँखा भएकी, लामो जिब्रो मुखबाट बाहिर निकालेकी यस्ती देवीको स्वरूप कठोर थियो र यिनलाई पार्वतीदेवीले आफ्नो साथमा हिमालय पर्वततिर लिएर गइन् । हिमालय पर्वतमा शुम्भको दूत पनि त्यही थियो । उसले पार्वतीदेवी र काली देवीलाई देख्यो । पार्वती देवी र काली देवी दुवैजनालाई देखेर चण्डमुण्ड नाम गरेका शुम्भका दूतहरू शुम्भको नजिक गएर भन्न थाले- हजुरको लायक सुन्दर नारी जुन हामीले त्यस्तो रूप कहीं देखेनौं । उनको रूपले हिमालय नै धपधप उज्यालो भएको छ । उनी जहाँ जान्छिन्, त्यहीँ उज्यालो छाउँछ । त्यस्ती तेजकी खानी देवीलाई हजुरले स्वीकारी रानी बनाउनुपर्‍यो ।

शुम्भ चण्ड र मुण्डको कुरा सुनेर खुशी भयो । उसले आफ्नो मन्त्री सुग्रीवलाई पठायो । सुग्रीवले राजालाई आश्वास्त पार्दै ती देवीलाई फकाएर फुल्याएर म यहाँ लिएर आउनेछु भनेर हिंड्यो । सुग्रीव देवी भएको हिमालय पर्वतमा पुग्यो र त्यहाँ देवीलाई देख्यो । देवीलाई फकाउन आफ्नो सम्पूर्ण सीपहरू प्रयोग गर्‍यो । अनेकौं तरहले देवीलाई फकाउन थाल्यो । उसले देवीलाई भन्यो- हजुरलाई लायकको हाम्रा राजा शुम्भ छन् । शुम्भ र निशुम्भ दुवैले अमरताको वरदान पाएका छन् । त्यस्ता राजाकी रानी हुन हजुर हिंड्नुहोस्, हामी हजुरलाई लिन आएका हौं ।

मन्त्रीका कुरा सुनेर पार्वती देवी मुसुक्क हाँसिन् र भन्न थालिन्- के गरुँ सुग्रीव तिमीले भनेका कुराहरू साँच्चै हुन् तर मैले एउटा संकल्प (प्रतिज्ञा) लिएकी छु । त्यो संकल्प (प्रतिज्ञा) सुन म भन्छु- जसले मलाई युद्धमा जिन्छ, त्यसैलाई मैले आफ्नो श्रीमान् स्वीकार्नेछु । शुम्भले मलाई जित्यो भने म रानी हुनका लागि जान तयार छु । यो कुरा तिम्रो राजालाई सुनाएर तुरुन्त यहाँ पठाऊ ।

सुग्रीव खुशी भएर तुरुन्तै फर्क्यो । शुम्भ-निशुम्भलाई पार्वतीदेवीले भनेका सम्पूर्ण कुराहरू भन्यो । शुम्भ र निशुम्भ दुवैजना खुशी भए । पार्वती देवीसित युद्ध गर्नका लागि धुम्रलोचन वीर साथमा साठी हजार सेना लिएर गयो । दैत्यहरू फौजसहित हिमालय पर्वतको चुचुरामा पुगे । त्यही उनीहरूले देवीलाई देखे । धुम्रलोचन अगाडि सरेर देवीलाई अनेक किसिमले फकाउन थाल्यो ।

धुम्रलोचनका कुराहरू सुनेर कालिका देवी भन्न थालिन्- हे दानवहरू हो ! ठग्ने कुरा नगर । गधाहरूको साथमा गाई जाँदैन, स्यालहरूको माझमा बाघ राम्रो देखिन्छ । त्यसैले तिमीहरूलाई बाँच्ने चाहना भए पातालमा गएर बस । हामीहरूलाई फकाउने फुल्याउने कोसिस नगर ।

**ख. आ. सानो ढुस्को**

धुम्रलोचन कालिका देवीमाथि वाणहरूले प्रहार गर्न थाल्यो । कालिकादेवीले ती वाणहरूलाई सखाफ पारिदिइन । कालिकादेवीले आफ्नो गदा चलाइन् । उनले धुम्रलोचनका रथमा जोतिएका गधाहरूलाई मारिदिइन् । गधाहरू मारिएको रिसमा धुम्रलोचनले देवीलाई विभिन्न प्रकारका दुर्वाच्यहरू भन्न थाल्यो । कालिकादेवीले हुङ्कार गरेर धुम्रलोचनलाई भस्म गरिदिइन् र दैत्यहरूका फौजहरूलाई पनि भष्म पारिदिइन् ।

धुम्रलोचन मारिएको खबर शुम्भ-निशुम्भहरूले सुने । उनीहरूले फेरि चण्डमुण्ड नाम गरेका दैत्यहरूलाई पठाए । साथमा अनगिन्ती फौज पनि साथमा गए । चण्डमुण्डको फौज हिमालय पवर्तमा पुग्यो । पर्वतमा उनीहरूले देवीलाई देखे । चण्डमुण्डले देवीलाई फकाउन थाले । चण्डमुण्डका कुराहरू सुनेर देवी भन्न थालिन्- हे दुष्ट दैत्यहरू हो ! तिमीहरू जस्ता धेरै दैत्यहरूलाई मारिसकें । यदि तिमीसित तागत छ भने युद्ध गर्न अगाडि बढ, म त भक्तहरूको

दुःख संकटलाई दूर गर्ने र पापीहरूको नाश गर्ने दुर्गा हुँ । यदि तिमीहरूलाई डर छ भने भागेर पातालमा गएर बस ।

देवीका कुरा सुनेर चण्डमुण्ड युद्ध गर्न अगाडि बढे । उनीहरूले वाण चलाए । देवीले ती सबै वाणहरू सखाप पारिदिइन् । ठूलो युद्ध भयो । चण्डिका देवीलाई रिस उठ्यो । उनले रिसको आवेगमा भृकुटीबाट एक अर्की देवी उत्पन्न भइन् । राताराता आँखा तानेर, लामालामा दात, शरीरमा बाघको छाला, घाँटीमा खप्परहरूको माला लगाएकी त्यस्ती घोर स्वरूपकी देवी हातमा पासो लिएर युद्धमा गइन् । देवीका हातमा खप्पर थियो । त्यही खप्परमा दैत्यहरूको रगत थाप्दै पिउँदै गरिन् । दैत्यहरूका सेना सखाप पारिदिइन् । उनले चारैतिर आफ्नो हातमा रहेको पासो फिजिन् । चण्डमुण्ड दैत्यहरू देवीका पासोमा फसे । कालिकादेवीले आफ्नो हातमा रहेको खड्गले ती चण्ड र मुण्डका शिर काटिदिइन् ।

चण्डमुण्ड युद्धमा मारिएको कुरा शुम्भ-निशुम्भले सुने । राजाले फेरि रक्तबीजलाई पठाए । रक्तबीज दैत्य पनि वरदान पाएको दानव थियो । उसले राजाको आदेश पाउनेबित्तिकै अनगिन्ती फौज लिएर हिमालय पर्वतमा गयो । रक्तबीजलाई देखेर देवी अगाडि सरिन् । रक्तबीजले वाण चलायो । देवीले पनि वाण चलाइन् । दुवैका बीचमा ठूलो युद्ध भयो । फौजमा हाहाकार मच्चियो । चण्डिकादेवीले चर्को स्वरमा शङ्ख बजाइन् । शङ्खको आवाज सुनेर महादेव आए । महादेव भन्न थाले- हे देवी भगवती ! दैत्यहरूको नाश गर । देवताहरूलाई दुःख दिने यिनै हुन् । देवताहरूको दुःख हरण गर । त्यसैबेला शक्ति प्रकट भइन् । यसरी युद्ध गर्दागर्दै विभिन्न देवीहरूको उत्पत्ति भयो । कसैले वाण हान्न थाले । कसैले पासो हान्न थाले । यसरी यी सबै देवीहरू मिलेर दैत्यहरूको नाश गरे । रक्तबीज मरेन । उसले वरदान पाएको थियो । उसले पनि धेरै वाणहरू हान्यो । देवीहरू र रक्तबीजका बीचमा ठूलो युद्ध भयो । चण्डिकादेवीले रक्तबीजलाई मार्न चक्र चलाइन् । रक्तबीज मरेन । उसको शरीरबाट रगतका नदी बग्न थाले । रक्तबीचको शरीरबाट पृथ्वीमा जति रगत बग्दथ्यो, एक-एक थोपा बराबर एक रक्तबीज जत्तिकै शक्तिशाली वीर दैत्य उत्पन्न हुन्थे । यसरी कोटी रक्तबीजहरू पैदा भए । रक्तबीजका रगतबाट अर्को दैत्य उत्पन्न भएको देखेर देवताहरू हैरान भए । इन्द्रादि देवताहरू शोकमग्न भए ।

यो हाल देखेर चण्डिकादेवीले कालिकादेवीलाई भनिन्- हे काली भगवती ! यी दैत्यहरूको रगतलाई खाइदेऊ । घोर (कठोर) स्वरूपकी कालिका भगवतीले दैत्यहरूको नाश गरिदिइन् ।

एक हातमा पासो, एक हातमा खप्पर लिएकी ती कालिकादेवीले रगत पिउन थालिन् । कालिका देवीले दैत्यहरूको रगत पिउँदै उनीहरूको नाश गर्दै रक्तबीजलाई मुसलले प्रहार गरिन् । रक्तबीज मऱ्यो ।

रक्तबीज मारिएको खबर शुम्भले सुन्यो । निशुम्भले भन्यो- दाजु यो युद्धमा म जान्छु । कालिकादेवीलाई मारेर चण्डिकादेवीलाई यहाँ हजुरका चरणमा लिएर आउँछु भनी निशुम्भ अनगिन्ती फौज लिएर हिमालय पर्वतमा देवी भएको ठाउँमा गयो ।

**ख. इ. धमारी**

निशुम्भ दैत्य अनगिन्ती फौज लिएर हिमालय पर्वतमा पुग्यो । निशुम्भ दैत्यको फौज देखेर देवी अगाडि सरिन् । देवी र निशुम्भ दैत्यका बीचमा ठूलो युद्ध भयो । एक-अर्काका फौजमाथि वाण चलाए । त्यतिबेला चलेका वाणहरू वर्षात्को समयमा हुने वर्षाझैं देखिन्थे । त्यहीबेला चण्डिकादेवीले घण्ट बजाइन् र भनिन्- हे मूर्ख दैत्य ! पाताल गएर बस, त्यहाँ गयो भने तिमी आरामले मन चाहे तरिकाले बाँच्न सक्छौ । यहाँ युद्ध गर्न थाल्यौ भने अनाहकमै मारिन्छौ, त्यसै पातालमा गएर बस ।

देवीका कुरा सुनेर दैत्यराज निशुम्भ हाँस्न थाल्यो र युद्ध गरिरह्यो । निशुम्भका वाणहरू चली नै रहे । यो देखेर देवीको बाहन बाघ पनि दैत्यको फौजसित लड्न थाल्यो । उसले पनि दैत्यफौजलाई आफ्ना नङ्ग्राहरूले चिथोर्न थाल्यो र दैत्यसेनाहरूलाई हताहत पार्दै गयो । उता निशुम्भले वाणहरूको वर्षा गरिरहेको थियो । देवीले पनि प्रत्युत्तरमा आफ्ना वाणहरू चलाइराखेकी थिइन् । देवीले खड्ग पनि चलाइन् । त्यो खड्गले निशुम्भ दैत्यको शिर काटिदिइन् । शिर काटिएको निशुम्भले फेरि पनि लडिरह्यो, त्यो मरेन । यो देखेर देवीले उसको शिर टुक्राटुक्रा पारिदिइन् । निशुम्भ दैत्य मऱ्यो ।

युद्धमा निशुम्भ मारिएको समाचार शुम्भले सुन्यो । भाइ युद्धमा मारिएकाले छाती पिटिपिटी रुन थाल्यो । उसले भन्न थाल्यो- मेरो भाइलाई कहाँ देखूँ, कहाँ देखूँ, स्वर्ग, पाताल, मर्त्य तीनै लोकमा उसको वीरताको कीर्ति थियो । मेरो भाइलाई मार्न देवी आइन् । बर्बराउँदै शुम्भ मूर्छा पऱ्यो । मूर्छाबाट ब्युँझिएपछि उसले साथमा अनगिन्ती फौज लिएर देवीसँग लड्न

आफैं हिमालय पर्वततिर लाग्यो । हिमालय पवर्तमा उसले देवीलाई देख्यो । देवीको रूप देखेर शुम्भ मोहित भयो र आफ्नो भाइ, आफ्ना सैनिकहरू मारिएको सबै कुरा बिर्सियो ।

भाइ मारिएको रिसमा देवीसँग युद्ध गर्न आएको शुम्भ देवीलाई देखेर मोहित भएको थियो । उसको स्वरूप देखेर युद्ध गर्नै बिर्सियो र देवीलाई फकाउन थाल्यो र भन्न थाल्यो- तिमीसित युद्ध गरेर केही फाइदा छैन । विगतमा जे-जति भएपनि बिर्सिन र तिमीलाई म रानी बनाएर राख्छु हिंड भनेर भन्यो । शुम्भका कुरा सुनेर देवीले अर्की देवीलाई भनिन्- सुन कालिकादेवी, यो मूर्ख दैत्यको कुरा । यो मूर्ख दैत्यको नाश गर । पार्वती देवीको कुरा सुनेर कालिकादेवी युद्ध गर्न अगाडि बढिन् । शुम्भले कालिकादेवीमाथि वाण चलायो । देवीले पनि जवाफी वाणहरू चलाइन । शुम्भले चलाएका वाणहरूलाई सखाफ पारिन र शुम्भको सारथीलाई मारिदिइन् । शुम्भले सारथी मारिएको देखेर वाण चलायो । देवीले ती वाण काटिदिइन् । कालिकादेवीले गदा चलाइन्, शुम्भले त्यो गदालाई काटिदियो । कालिकादेवीले शुम्भको एक हात काटिदिइन् । हात काटिएको शुम्भले अर्को हातले लड्न थाल्यो । देवीले अर्को हात पनि काटिदिइन् । दुवै हात काटिएको शुम्भले देवीलाई पर्ख-पर्ख भनेर झपट्न थाल्यो । काली कराली देवीले खड्गले शुम्भको शिर काटिदिइन् । शुम्भ भूमिमा पऱ्यो र ऊ मऱ्यो ।

शुम्भको वधसँगै स्वर्गमा दुन्दुभी बाजा बज्न थाले । देवीदेवताहरूले फूलहरूको वर्षा गरे । बाँकी बचेका दानवहरू पाताल गए । स्वर्गको गद्दीमा इन्द्रलाई बसाले । शुम्भ निशुम्भादि दैत्यहरूको नाशपश्चात् साधु देवताहरूको दुःख छुट्यो । स्वर्गमा देवीको जयजयकार हुन थाल्यो ।

**विशेष शब्दको अर्थ**

स्वरग = स्वर्ग

गैछ = गएछ

इन्दर = इन्द

दीछ = दिएछ

मैदीय = मलाई दिनुहोस्

तै = त्यो

थिया = थिए

होइगयो = भइगयो

ताँही = त्यहीं

मरिगैछ = मऱ्यो

फालिछ = फाल्यो

भैछ = भएछ

नौ हो = नाम हो

जनमिग्यो = जन्मिगयो

नौ राख्यो = नाम राख्यो

वरमाले = ब्रह्माले

भ्यान = भए

गादी = गद्दी

छाड = छोड

तेरो = तिम्रो

होलो = होला

बजुर = बज्र

लात = खुट्टो

निशी गयो = गईहाल्यो

आया = आए

कोशक = कसले सक्छ

गरन = गर्न

वात = कुरा

करौन = कराउन

बस्या = बसे

काँसम्म = कहाँसम्म (कतिसम्म)

पडी = पऱ्यो

हाइरान = हैरान

हेरु = हरू

वाल्या = वालेझैं

जसो = जस्तो

पैरेकी = पहिरेकी

ताँही = त्यही

हामरो = हामीहरूको

कम्मी = कामी

कोठी = मुटु

गै = गयो

पडिगैछ = गरिगयो

हेर्‌न = हेर्न

फरकिग्यो = फर्किगयो

बोलन्छ = बोल्छ

जैबेला = जुनबेला

बोलन्छी = बोल्छिन्

लैझा = लिएर जा

ग्यो = गयो

ल्यौंला = लिएर आऔला

लैग्या = लिएर गए

बनौनाकि = बनाउनका लागि

मकन = मेरो दुःख

जनगैर = नगर

ह्वैर = भइराख

परानी = शरीर

तै = तँ

छुटिग्यो = छुटिगयो

वैल = साँढे

शवार चढ्नु

लोगौं = मानिसहरूको

वहन = बग्नु

देवतान् = देवताहरूलाई

पडी = पऱ्यो

ठौउँ = ठाउँमा

भारी = धेरै

भ्यान् = भए

ग्यान = गए

माग्नाकी = माग्नको लागि

दीछ = दिएछन्

निशीगया = गइहाले

राजाकी = राजाको

होइगैछ = भइहालेछ

भाँजी = भागी

विरस्पति = वृहस्पति

बताइछ = बताएछन्

जै = जुन

उहि = उनै

धुरा = पर्वत (चुचुरो)

दिन्या = दिने

लुक्या = लुक्यौ

पडिरैछ = परिरहेछ

दरशन = दर्शन

भैन = भइन

नहाउन्या = नुहाने

मैकारी = म काटी

द्युँलो = दिउला

पैलेत = पहिले त

भैन = भइन

शिलशिल्या जिवडो = लामो जिब्रो

घुमन = घुम्न

डीठ = नजर

पडीगैछ = पऱ्यो

शुम्भथै = शुम्भ कहाँ

बोलन = बोल्न

लाग्या = लागे

तसो = त्यस्तो

नदेख्यो = देखेनौ

हुन्या = हुने

मैलेऔंलो = म लिएर आउला

भणी = भनी

भुणी = भनी

शीपलोन = सीप लगाउन

फकौन = फकाउन

क्या गरुँ = के गरुँ

हाल्या = हाले

मै जित्यो = मलाई जित्यो

हुन्या थिया = हुने थिए

झा = जा

तेरा = तिम्रो

याँ = यहाँ

चाणो = चाडो

यै = यही

झाली = जाली

भाज = भाग

चलौछ = चलाउँछ

दीछ = दिइछन्

तोइजसा = तँ जस्ता

डरमाण्या = डरमाने

शुणी = सुन्यो

तेसै बखतमा = त्यसै बेला

क्वै = कसैले

दाजी = दाजु

औंछु = आउँछु

लेऔंछु = लिएर आउँछु

हामरो = हाम्रो

काँ = कहाँ

झडया = झरे

## निष्कर्ष

प्रस्तुत भगवतीको ठाडो खेलमा सर्वप्रथम गणेश, सरस्वती, लक्ष्मी, विष्णु र महादेव आदि देवताहरूको मङ्गलाचरण गरिएको छ । पूर्वीय काव्यशास्त्रहरूमा ग्रन्थको आदि, मध्य वा अन्त्यमा मङ्गलाचरण गरिने परम्परा रहेको छ । यसले ग्रन्थको निर्विघ्न समाप्ति होस् भन्ने कामना गरिएको हुन्छ । साथै मङ्गलाचरणको अर्को फाइदा विद्यार्थीलाई थप ज्ञान प्राप्त होस् भन्ने पनि चाहना ग्रन्थकारहरूको रहेको देखिन्छ । यो परम्पराबाट विकसित भएको प्रस्तुत भगवतीको ठाडो खेलमा पनि मङ्गलाचरण गरी आफ्नो पूर्व परम्परालाई कायम राख्दै खेलको निर्विघ्न समाप्ति होस् भन्ने कामनाका साथ मङ्गलाचरण गरिएको छ ।

ठाडो खेल पर्व खेल हो तर यस खेलका लागि कुनै निश्चित पर्व भने किटान गरिएको छैन । नेपालको सुदूरपश्चिमी क्षेत्रमा प्रचलित गौरापर्व वा गाउँघरतिर हुने अन्य मेला, जात्राहरूमा यो खेल खेल्ने गरिन्छ । यस खेलको मुख्य उद्देश्य स्वस्थ मनोरञ्जन हो । मनोरञ्जनका अतिरिक्त खेलमा सुषुप्त रूपमा धार्मिक आस्था पनि लुकेकै छ । दुःखपीडामा पिल्सिएर पनि सहजै रमेर जिउने नेपाली जनजीवनको साहस यस खेलमा प्रस्तुत गरिएको छ । कस्तै विपत् आइलाग्दा पनि धैर्य छाड्नु हुँदैन भन्ने मान्यतालाई खेलले आत्मसात् गरेको छ । लौकिक संस्कृतमा रहेका पुराणहरू विस्तारै अपठित जनजीवनलाई क्लिष्ट बोध भइरहेका बेला तत्कालीन हिन्दू संस्कृतिका दशैं आदि चाडहरूमा जुन असत्यमाथि सत्यको विजयस्वरूप मनाइन्छ, लाई मौलिक भाषामा सुरक्षित गर्ने उद्देश्य पनि यी खेलले बोकेको पाइन्छ ।

यस खेलमा पद्यात्मक शैलीको प्रयोग गरिएको छ र जसले नेपालको सुदूरपश्चिममा गाइने देउडा गीतको झ-झल्को दिन्छ । यस खेलमा सुदूरपश्चिममा प्रचलित भाषाको प्रयोग भएको छ । जस्तै त्यहाँ प्रचलित शब्दहरू औंछु, झाली, भाज, चाणो जस्ता शब्दहरूको प्रयोगबाट स्थानीयता स्पष्ट रूपमा झल्किएको पाइन्छ ।

यो खेल खेल्दा नेपाली लोकबाजाहरूको प्रयोग गरिन्छ । यस खेलमा ढोलक, मजुरा, चिम्टा जस्ता बाजा बजाउने गरिन्छ । यस खेलमा एकजनाले देवीदेवताको गाथा भन्छन्, जुन मुख्य गायक हुन्छ र त्यसलाई गोलबद्ध भएका अन्य पुरुषहरूले पनि गाउने गर्दछन् । हरेक अंशको अन्त्यमा हरिनारनायणको थेगोको प्रयोग गरिन्छ । थेगोको प्रयोग गर्दा पहिले एउटा अंश

उच्चारण गरिन्छ र त्यसपछि हरिनारायणको थेगो लगाएर उच्चारण गरिन्छ । यो खेल खेल्दा धेरै समय लाग्ने गर्दछ । यस खेलमा देवी-देवताहरूका गाथाहरूलाई विशेष महत्त्वका साथ गाउने गरिन्छ । यो खेल खेल्दा पुरुषहरू गोलबद्ध भई खेल्ने गर्दछन् । यसमा देउडा जस्तै खुट्टाको चाल पनि मिलाएर खेल्ने गरिन्छ । देउडा खेलमा खुट्टालाई डेढ पाइला चालिन्छ भने यस खेलमा खुट्टालाई अढाई पाइला चालिन्छ ।